*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९
नेपाल सम्बत् ११३५
इस्वी सम्बत् २०१५
बिक्रम सम्बत् २०७२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**2nd JULY 2015**


| वर्ष- ३३ | अङ्क- २ | अनला पुन्हि | असार २०७२ |
|---|---|---|---|





**आकाश, समुद्र, पर्वतको गुफा आदि जुनसुकै स्थानमा लुक्न गएपनि पापकर्मको फलबाट बच्न सकिने प्रदेश यस लोकमा कहिं छैन।**

**आकाश, समुद्र, पर्वतको गुफा आदि जुनसुकै स्थानमा लुक्न गएपनि मरणबाट बच्न सक्ने प्रदेश यस लोकमा कहिं छैन।**

**हावा आइरहेको दिशामा हेरी धूलो छ्याप्दा उक्त धूलो आफैलाई पर्ने जस्तै निर्दोषी, शुद्ध र निक्लेशी व्यक्तिलाई दोषारोपण गरेको कर्मको नराम्रो फल आफैलाई भोगाउने छ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# थाई संघराजको शुभागमन

थाइलैण्ड स्थित बौद्ध विहार वाटपकनामका विहार अधिपति संघराज सोमदेच राज मंगलाचार्य संघराज हुनुभएपछि पहिलो पटक यही जेठ १९ गते नेपालका भूकम्पपीडित नेपालीहरूलाई राहत वितरण गर्नको लागि नेपाल आउनु भयो ।

यो बाहेक सन् १९७५ मा उहाँ नेपालमा वर्षावासको लागि आउनुभई स्वयम्भू स्थित आनन्दकुटी विहारमा ४ महिना सम्म रहनु भएको थियो । त्यसबेला त उहाँ अचानक नै आउनु भएको थियो ।

त्यसपछि उहाँ अन्तर्राष्ट्रिय भिक्षु सम्मेलनमा भाग लिनको लागि आनन्दकुटी विहारमा दोश्रो पटक आउनु भएको थियो ।

तेश्रो पटक उहाँले कथिन चीवर दान कार्यक्रम बोकी नेपाल प्रवेश गर्नुभएको थियो ।

चौथौं पटक यही २०७२ जेठ १९ गते नेपालका भूकम्प पीडित जनतालाई राहट वितरण गर्ने कार्यक्रमको जिम्मेवारी बोकी नेपाल आइपुग्नु भयो । यस पटक उहाँले १५० जना थाई उपासकोपासिकाहरू बटुली त्यसमा थाई सूचना तथा प्रविधि मन्त्री, पूर्वमन्त्री र विशिष्ठ धर्मगुरूहरू सहित एअर एसियाको विमान चार्टर गरी आउनु भएको थियो ।

१९ गते विहान नेपाल पुग्ने वित्तिकै धर्मस्थलीका भूकम्भ पीडित १००० जना नेपालीहरूलाई अन्न राहत दान दिनुभई दिउँसो आनन्दकुटी विहारको भवन शिलान्यास कार्य सम्पन्न गरी त्यही दिन थाइलैण्ड फर्कनु भएको थियो । यसरी यसदिन उहाँ ८ घण्टा नेपालमा रहनुभएको थियो ।

यसदिन नेपालका सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री कृपाशुर शेर्पाले उहाँलाई विमान स्थलमा स्वागत गर्नुभएको थियो । स्वागत गर्ने क्रममा पूर्व प्रधान मन्त्री झलनाथ खनाल, उप प्रधान मन्त्री तथा स्थानिय विकास मन्त्री प्रकाश मान सिंह, सञ्चार मन्त्री मिनेन्द्र रिजाल लगायतका सरकारी पदाधिकारीहरू उपस्थित रहेको थियो ।

उक्त समूहमा भिक्षु भिक्षुणीहरूको उपस्थिति त हुने नै भए । यहाँ उल्लेखनिय विषय त संघराज जस्तो व्यक्ति आफै नेपाल आउनुभई भूकम्भ पीडितलाई राहत दान दिनु रहेको छ । उहाँले भिक्षु संघलाई खटाई उपत्यका बाहिरका विभिन्न जिल्लाहरूमा जस्ता पाताका वण्डलहरू वितरण गर्न लगाएका थिए ।

भगवान् बुद्धले २५०० वर्ष अगाडि नै उपदेश दिनुहुँदै भन्नु भएको थियो–

“अन्नदान दिनु भनेको नै बल शक्ति दान दिनु हो । बास स्थान दान दिनु भनेको नै सबै सुखदान दिनु हो ।”

बुद्धको यस उपदेशलाई मनन गर्नुहुँदै उहाँले आफ्नो भिक्षु संघ खटाई यी चीज वस्तुहरू अभावग्रस्त स्थानमा दान दिन लगाउनु भएको थियो ।

२०७२ वैशाखको महाभूकम्पले स्वयम्भूस्थित आनन्दकुटी विहारमा रहनुभएका भिक्षुहरू वस्न नै नमिल्ने गरी विहार क्षतिग्रस्त भएको थियो । संघराज सोमदेच राज मंगलाचार्य वर्षावास बस्नु भएको उक्त विहारको भवन पनि बस्न नमिल्ने गरी चर्किएको थियो ।

त्यसैले आफू ९० वर्ष पुगेको उपलक्ष्यमा भूकम्पले क्षतिग्रस्त आनन्द कुटी विहार पुनः निर्माण गर्ने इच्छा भएनुसार जेठ १९ गतेका दिन यस विहारको शिलान्यास गर्ने आफ्नो इच्छा पूर्ण भएकोमा संघराजले खुशि व्यक्त गर्नु भयो ।

यसरी थाईलैण्डका संघराज सहितको १५० जना थाई टोलीले नेपालीहरूको दुःखद अवस्थामा साथ दिन दुःख बाँड्ने र हौसला एवं धैर्य बढाउन मैत्रीपूर्वक सहयोग गर्न आएको यस गुणलाई हामीले कदापि विर्सन सक्दैनौं ।

त्यति मात्र होइन म्यानमार, चीन, बंगलादेश, भियतनाम, श्रीलंका आदि विभिन्न देशका राजदूत लगायत धार्मिक समूहहरूले नेपालीहरूको दुःखद क्षणमा राहत सहयोग प्रदान गरी नेपालीहरू अनाथ छैनन् साथ दिने हामी छौं भन्ने भरोसा प्रदान गरी गुण गरेको कार्यलाई पनि हामी नेपालीले विर्सन सक्दैनौं ।

विभिन्न देशबाट नेपाली जनतालाई यसरी मैत्रीपूर्ण सहयोग गरी दुःखमा साथ दिए जस्तै नेपाली सरकारले पनि आफ्नो जनतालाई इमान्दारीताका साथ र नियमानुसार पक्षपात नगरी सहयोग गर्नेछ । जसले गर्दा नेपालीहरूले यथासिघ्र भूकम्पको दुःखद चोटबाट मुक्ति प्राप्त गर्न सकोस् । किनभने जनता सुखी नभए सम्म देश उँभो लाग्न कदापि सक्दैन ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२८७

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**वारि पोक्खरपत्ते व–आरग्गेरीव सासपो**
**यो न लिम्पति कामेसु–तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– कमलको पातमा रहेको पानी झैं सियोको टुप्पोमा अडेको सरस्यूंको गेडा जस्तै कामभोगमा लिप्त नभएको व्यक्तिलाई नै म ब्राह्मण भन्दछु ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहार मा बस्नुहुँदा उप्पलवण्णा थेरीको कारणमा भन्नुभएको थियो ।

श्रावस्तीमा अति राम्री सुन्दरी उप्पलवण्णा भन्ने केटी थिइन् । धेरै धनी वर्गका युवाले उससँग बिहे गर्न चाहेँको थियो । उप्पलवण्णाको पितालाई चिन्ता लाग्यो कोसँग छोरी बिहे गरिदिऊँ । एउटालाई छोरी दिएपछि धेरैसँग शत्रुता लिनुपर्ने देखिन्थ्यो । उप्पलवण्णाले आफैले निर्णय लिई त्यो अवस्थालाई सुल्झाउन भिक्षुणी बनिन् र पछि अरहत पनि भइन् ।

अरहत भएपछि उनी अन्धवनमा एक्लै एकान्तवासमा बस्न गइन् । उनी गृहस्थी छँदादेखि उप्पलवण्णा देखि मोहित भएका नन्द नामका एउटा केटाले एकदिन छल गरी उनीमाथि बलात्कार गरेको दुःखद घटना भयो । आफूमाथि बलात्कार भएको कुरा उप्पलवण्णाले अरू भिक्षुणीहरूलाई भनिन् । भिक्षुहरूले बुद्धलाई भने । यही सन्दर्भलाई लिएर भगवान बुद्धले दिनु भएको उपदेश 'मधुव मञ्ञती बालो' भन्ने धम्मपदको बालवर्ग गाथा नं ६९ मा उल्लेखित छ ।

उक्त दुःखद घटना भएपछि नबुझेका आम मानिसले धर्मसभामा कुरा उठाए– क्षीणाश्रव भइसकेकाले पनि काम सुख भोग गर्छ कि के हो ?"

चर्चा पनि भनियो– "किन नगर्ला र । उनीहरू पनि सुकेको रूख वा फोश्रो कमिलाको घर डुंग्रो त होइन । उनीहरू पनि रगत मासुको देह धारण गरेका त हुन् नि । काम सुख भोग गरीहाल्छ नि ।"

यस्ता निन्दा चर्चा भइरोखेको ठाउँमा भगवान बुद्ध पुग्नु भयो । त्यहाँ के कुरा भइराखेको छ भनेर सोध्नु भयो । भिक्षुहरूले यो यो कुरा भनी बताएपछि बुद्धले भन्नुभयो– "हे भिक्षुहरू ! क्षीणाश्रव भइसकेकाले काम सुख सेवन गर्दैन । न त काम भाव नै व्यक्त गर्दछ । जसरी कमलको पातमा रहेको पानीको थोप्लो त्यसभित्र सोसेर जाँदैन, गुडेर तल झर्दछ, जसरी सियोको टुप्पोमा सरसौको गेडा अड्दैन, गुडेर तल झर्छ, त्यसरि नै क्षीणाश्रवहरूको चित्तमा दुई प्रकारको काम भावना टाँसेर बस्दैन ।"

यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

❖

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्य

क.सं. ८३२

**नीला लक्ष्मी वज्राचार्य**
सानेपा, ललितपुर
रू. २,०००/–

क.सं. ८३३

**राम लाखेमरू**
जगाती, भक्तपुर
रू. २,०००/–

क.सं. ८३४

**गङ्गाराम प्रजापती**
च्यामा सी., भक्तपुर
रू. २,०००/–

क.सं. ८३५

**दुर्गादेवी उपासिका**
मरुढोका, अशोक विनायक टोल
रू. २,०००/–

क.सं. ८३६

**चम्पा शाक्य**
ओकुबहाल, पुल्चोक, पाटन
रू. २,०००/–



Downloaded from http://www.dhamma.digital

# अग्र श्राविका खेमा-२

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

## धर्मचक्र प्रवर्तन दिवस्

"धर्मचक्र प्रवर्तन दिवस" परम पुनीत धार्मिक दिवसको रूपमा मनाइने गरिन्छ । प्राचीन समयमा भारतमा वर्षौं दिनसम्म पनि श्रद्धापूर्वक विभिन्न क्रियाकलाप गरेर मनाइन्थ्यो । कुनै कुनै देशमा अहिले पनि शुद्धरूपमा मनाउने गरिन्छ । हामीले पनि त्यस्तै प्रकारले शुद्धरूपले मनाउनु पर्छ ।

आऊ, पहिला धर्मचक्र प्रवर्तन भनेको के हो बुझौं । सिद्धार्थ गौत्तमले छः वर्षसम्म कठिन तपस्या गरेर शरीर र चित्तको बारेमा र त्यससंग सम्बन्धित गहन सत्यहरूको बारेमा आफ्नो अनुभव थाहापाउनु भयो । त्यही अनुभवको आधारमा अत्यन्त सरल, स्वच्छ तथा स्पष्ट भाषामा जीवन जगतका चार प्रकारका सत्यहरूका बारेमा जनतालाई बुझाउनु भयो ।

पहिलो - दुःख छ ।

दोस्रो - दुःखको कारण छ ।

तेस्रो - दुःखलाई हटाउन सकिन्छ ।

चौथौं - दुःख हटाउने उपाय छ ।

यी चारवटाको अभ्यास गर्नाले कोही पनि ब्यक्ति चाहे कुनै जाति, गोत्र, सम्प्रदाय अथवा देश-विदेशका होस्, उ दुःखबाट नितान्त विमुक्त हुनेछ ।

उहाँको यो शिक्षा प्रकृतिको सर्वब्यापी नियममा आधारित थियो । त्यसैले सार्वजनिक थियो, सार्वदेशिक थियो । सार्वकालिक थियो । प्रकृतिको नियम सबै माथि समान रूपले लागू हुन्छ । यसमा न पक्षपात हुन्छ न कुनै भेद्भाव नै हुन्छ । प्रकृति कसैलाई कृपा पनि गर्दैन, कोप पनि गर्दैन । प्रकृतिको यसै नियमलाई नै भगवानले धर्म भन्नुभयो ।

धर्म सबैको हुन्छ । कुनै एउटा सम्प्रदाय विशेषको हुँदैन । धर्म संसारका सबै प्राणी प्रति समानरूपले लागू हुन्छ । उदाहरणको लागि बुझौं– जब हामी भन्छौं, आगोको धर्म जल्नु र जलाउनु हो । यस्तो भन्नुको अर्थ ऊ आफू पनि बल्छ र अरूलाई पनि बाल्छ । त्यस्तै प्रकारले सूर्यको धर्म प्रकाश दिनु र तातोपन दिनु हो । त्यस्तै चन्द्रमाको धर्म प्रकाश दिनु र शीतलता प्रकट गर्नु हो । प्रकृतिको यस्तो सर्वब्यापी नियमलाई कुनै एउटा सम्प्रदायको भनेर कसरी मान्ने ?

प्रकृतिको यस्तै नियमका आधारमा नै उहाँ महान वैज्ञानिकले "धर्मचक्र प्रवर्तन" द्वारा मुक्तिको मार्ग सिकाउनु भयो ।

दुःख कुनै एउटा सम्प्रदाय अथवा जातिलाई मात्र हुँदैन । मानिस सबैलाई दुःख अवश्य हुन्छ । यो पहिलो आर्यसत्य हो ।

माथिबाट हेर्दा दुःखका अनेक कारण हुन्छन् । तर भित्र गहिराईमा गएर हेर्दा दुःख हुनुको एउटै मात्र कारण तृष्णा देखापर्दछ । जब आफ्नो इच्छा अनुसार पाउन खोज्ने रागमयी तृष्णा अथवा मन नपरेकोलाई टाढा भगाउने द्वेषमयी तृष्णा जाग्छ तब मनमा अनेक प्रकारका विकार उत्पन्न हुन्छन् र त्यस विकारको कारण अर्को विकार उत्पन्न हुन्छन् । यी सबैबाट आखिर दुःख नै उत्पन्न हुन्छ । त्यसैले दुःख हुनुको कारण तृष्णा हो भनेर सिकाउनु भयो । यो दोस्रो आर्यसत्य हो ।

यस दुःखलाई हटाउन सकिन्छ, यस तृष्णालाई क्षय गर्न सकिन्छ भनेर तथागतले सिकाउनु भयो, यो तेस्रो आर्यसत्य हो ।

त्यस महान वैज्ञानिकले दुःखलाई जरासम्म उखेलेर फ्याँक्नका लागि जुन मार्ग खोजेर निकाल्नु भयो त्यही मार्गलाई आर्यअष्टाङ्गिक मार्ग नै दुःखलाई हटाउने एउटै मात्र उपाय हो । भगवानले दुःख मुक्तिका लागि यही मार्ग सिकाउनु भयो, यो चौथो आर्यसत्य हो ।" यस आर्य अष्टाङ्गिक मार्गका तीन अंग शीलमा पर्छन, तीन अङ्ग समाधिमा पर्छन र दुई अंग प्रज्ञामा पर्छन् । यस मार्गमा अधि बढ्ने कोही पनि ब्यक्ति अनार्यबाट आर्य बन्दछ, दुर्जनबाट सज्जन बन्दछ, दुराचारीबाट सदाचारी बन्दछ र अधार्मिकबाट धार्मिक बन्दछ । यो उपदेश मात्र होइन । यो प्रतिपादन गर्नका लागि हो । प्रतिपद, प्रतिपद एक-एक कदम – एक-एक कदम अगाडि बढ्दै सारा मार्ग आफै हिड्नु पर्छ । जति जति हिंड्यो त्यति त्यति प्रत्यक्ष लाभ प्राप्त हुनेछ ।

यी तीनै एक अर्कामा निर्भर छन् । तब नै एउटै



Downloaded from http://www.dhamma.digital

मार्ग भयो । शील पुष्ट गर्नका लागि समाधि आवश्यक छ । त्यस्तै समाधि गहिराईसम्म स्थिर गर्नका लागि प्रज्ञा जाग्रत हुनपर्छ । तब शील शरीर र वचन सम्ममात्र सीमित हुँदैन मनको गहिराईसम्म शुद्ध हुन थाल्छ । यसले समाधिको लागि शुद्ध स्वासको आलम्बन आवश्यक हुन्छ, किनभने श्वासको शरीर र चित्तसंग गहिरो सम्बन्ध छ । यसको आधारमा चित्त एकाग्र भयो भने चित्त अत्यन्त सूक्ष्म र तीक्ष्ण हुन्छ । यसबाट प्रज्ञा जाग्रत भयो भने चित्त अत्यन्त सूक्ष्म र तीक्ष्ण हुन्छ । यसबाट प्रज्ञा जाग्रत हुन्छ । जब प्रज्ञा प्रवल हुन थाल्छ, तब समता पुष्ट हुन थाल्छ र शील स्वतः स्वच्छ भन्दा स्वच्छ हुनजान्छ । यसरी शील, समाधि, प्रज्ञामा पुष्ट गर्दै यस मार्गमा अघि बढ्ने व्यक्ति तटस्थतामा पुष्ट हुन थाल्छ । यसैले दुःखलाई जन्म दिने नयाँ कर्मसंस्कार बनाउँदैन र पुरानो संग्रहित कर्म संस्कार उम्किँदै जान्छ । यस अभ्यास द्वारा निर्मल भएको चित्त द्वेष वा दुर्भावनाबाट मुक्त हुन्छ र स्नेह र सद् भावनाले मैत्री र करूणाले भर्दछ । यसप्रकार यस मार्गमा हिँड्ने प्रत्येक व्यक्ति आफू पनि दुःखबाट मुक्त भएर सुखी बन्दछ र अरूको सुखको कारण पनि बन्दछ । भगवान बुद्धले लोकचक्रमा पिसिरहेका मानिसहरूलाई धर्मचक्र जगाउने कामको शुभारम्भ गर्नु भयो । त्यसैले आषाढ पूर्णिमाको दिनलाई धर्मचक्र प्रवर्तन दिवसको रूपमा मानिन्छ । त्यसो त यो पाँच जना सन्यासी साथीहरूका लागि दिइएको उपदेश थियो, परन्तु समस्त मानव जातीको दुःख विमुक्तिको लागि भगवान् बुद्धको यो पहिलो मार्ग निर्देशन सावित भयो । जस्को ब्याख्या-ब्याकरण, विवरण-विश्लेषण गर्न ४५ वर्षसम्म उहाँले हजारौं उपदेश दिनु भयो । यो प्रथम उपदेश नै उहाँको समस्त शिक्षाको आधार बन्यो ।

धर्मचक्र प्रवर्तन पछि यो विधा अपनाएर साठी जना व्यक्तिले अरहन्त अवस्था प्राप्त गरे । भगवानले उनीहरूलाई यो विद्या प्रसारण गरेर समाजको कल्याण गर्दै धर्मचारिका गर्ने निर्देशन दिनु भयो । समय बित्दै गए पछि यी साठीजना संगै अन्य अनेक भिक्षुहरू पनि धर्ममा पाकेपछि धर्म शिक्षक भए र करिब उत्तर भारत भरि यो कल्याणकारी धर्म फैलाए । प्रकृतिको यस नियमको आधारमा जस्तो बीऊ त्यस्तै फल अर्थात दुष्कर्मको र सत्कर्मको सफल हुन्छ भन्ने आ-आफ्नो अनुभवले बुझ्न थाले । यो कुनै एउटा सम्प्रदायको धर्म होइन भन्ने कुरा मानिसहरूले बुझ्न थाले पछि यसलाई सबैले स्वीकार गर्न थाले ।

यस मार्गमा हिँडेका ब्यक्तिहरूका जीवनमा प्रत्यक्ष परिवर्तन आए । यसकारण पनि यसको प्रसार हुँदै गए । भगवान् बुद्धको महापरिनिर्वाण पछि करिब २२५ वर्ष तिर सम्राट अशोकले यस मार्गलाई अपनाए र सुखलाभी भए । अशोकले यस धर्मको व्यापक प्रसार गरे । उनी धर्मशासक बने । उनको जीवनको उदाहरण सबै साधकका लागि प्रेरणाको स्रोत बनोस् । यी चार आर्य सत्यको साक्षात्कार उसैले गर्दछ जो बुद्धिविलासको चक्करबाट बाहिर निस्किन्छ । अन्यथा लोकचक्रमा नै अल्झिरहन्छ । धर्मचक्रबाट लाभ पाउन सक्दैन । दुःखलाई थाहापाएर त्यसबाट मुक्त हुने धर्मचक्र हो । दुःखको सही कारणलाई थाहापाएर त्यसलाई उखेली फ्याँक्नु नै धर्मचक्र हो । दुःख निरोधको सत्यलाई थाहापाएर त्यसको यथार्थ स्थिति प्राप्त गर्नु नै धर्मचक्र हो । दुःख निरोधको लागि शील, समाधि र प्रज्ञाको सरल विधि बुझेर त्यसको अभ्यास गर्नु नै धर्मचक्र हो । यही मंगल मूल हो । यदि यो छैन भने हामी लोकचक्र नै लोकचक्रमा अल्झिरहन्छौं । दुःख चक्र नै दुःख चक्रमा पिसिरहन्छौं । हाम्रो सौभाग्य हो की हामीलाई कल्याणकारी विधि प्राप्त भएको छ ।

आऊ, यस पावन धर्मचक्र प्रवर्तन दिवसमा हामी पनि अघि बढौं र अनेकौंका लागि यो मार्ग प्रसार गरी आफू धर्ममा अघि बढौं यसैमा सबैको मंगल हुनेछ, सबैको कल्याण हुनेछ ।

*(साभार- 'विपश्यना' बुद्ध वर्ष २५५७, वर्ष३०, अङ्क४)*

**ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

१) प्रज्ञान तुलाधर रू. ५००/–
भोटाहिटी, काठमाडौं ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ भिक्षु हुनु अघि सारिपुत्र र मौद्गल्यायन संजय भन्ने परिब्राजक (=साधु) का चेला थिए । पछि उनीहरू बुद्ध-धर्ममा प्रवेश गरेपछि संजयले मुखबाट रगत छाडी प्राण त्यागेको थियो ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–१४

✍ के.श्री धम्मानन्द

*अनुवादक*- मदनरत्न मानन्धर

(१) बुद्ध : उहाँले सबै महान गुणहरू, प्रज्ञा र बुद्धत्व हासिल गरिसक्नु भएको छ। आफ्नो आध्यात्मिक शक्ति विकास गरेर हामीलाई शुद्ध धर्म सिकाउनु भएको छ। उहाँको भौतिक देह हामी माझ नभएपनि, उहाँका शिक्षाहरू मानवजातिको कल्याणार्थ अद्यापि छँदैछन्। विद्युतको आविष्कारक जीवित नभए पनि उसको बुद्धिको् अनुशरण गर्दा उसको बुद्धिको प्रभाव अझै जीवित नै रहेको छ। परमाणविक शक्तिका खोजकर्ताहरूको ज्ञानको प्रयोग गर्दा उनीहरूको बुद्धि हामीसँग छैनन् भन्न मिल्दैन । यसैप्रकार बुद्धले आफ्नो प्रज्ञा र ज्ञानको माध्यमबाट दिनु भएको शुद्धशिक्षा मानिसहरूका लागि सबभन्दा प्रभावकारी शक्ति भई आएको छ। जब तपाईं उहाँलाई सम्झनु हुन्छ र आदर गर्नु हुन्छ, तब तपाईं उहाँप्रति अझै विश्वस्त हुनुहुन्छ । जब तपाई उहाँका शब्दहरू पाठ गर्नु हुन्छ वा सुन्नु हुन्छ। तब तपाई उहाँका आशिर्वादका वचनहरू पाठ गर्नु हुन्छ ।

(२) धम्म : बुद्धले प्राप्तगर्नुभएको सत्य, न्याय र शान्तिको शक्ति नै धर्म हो, जसले मानिसहरूको सुख र शान्तिको शक्ति नै धर्म हो, जसले मानिसहरूको सुख र शान्तिका लागि आध्यात्मिक आश्वासन प्रदान गर्दछ। जब तपाईं आफूमा मैत्री, श्रद्धा र ज्ञानको विकास गर्नुहुन्छ तब धर्मको शक्तिले तपाईंको रक्षा गर्छ र तपाईंको मनमा अझ बढि आत्मविश्वास र आत्मबल बढाउनमा मद्दत गर्दछ। त्यसपछि तपाईंको मन आफ्नो रक्षाको लागि आफै शक्ति शाली बन्दछ। तपाईंले धर्मको उत्थान गरेको जब अरूले थाहा पाउँछ, तब मानिस लगायत अरू प्राणीहरू समेतले तपाईंको आदर गर्ने छ। धर्मको शक्तिले विभिन्न प्रकारका बाह्य दुष्प्रभाव र खराबीबाट बचाउँछ । जो मानिस धर्मको शक्तिलाई बुझ्न सक्दैनन् र धर्म पूर्वक जिउन सिक्दैनन्, तिनले आफूलाई अन्धविश्वासमै डुबाउँछ । विभिन्न देवी देवता, अलौकिक शक्तिहरू रिझाउन पूजा पाठ गर्न नै आफूलाई लगाई रहन्छन् । यसो गर्नाले तिनीहरूमा आफ्नै अज्ञानताबाट झन बढि डर बढ्न थाल्छ। थुप्रै धन पनि खर्च हुन्छ। यी सबैबाट छुटकारा पाउन मानिसले धर्ममा आत्मविश्वास बढाउनु पर्दछ । धर्मलाई 'प्रकृति' वा 'प्राकृतिक रीति' वा 'संसारीक नियम' पनि भनिन्छ। जसले धर्मको शक्तिको प्रकृति बुझ्छ उसले धर्मद्वारा नै आफ्नो रक्षा गर्न सक्छ। जब शुद्ध ज्ञानले मन शान्त पारिएको हुन्छ तब कुनै प्रकारको बाधा अडचनले मनमा भय उत्पन्न गराउन सक्दैन ।

(३) संघ : आफ्नो आध्यात्मिक उन्नतिको लागि घरगृहस्थी त्यागी भिक्षु बन्नेहरूको समूहलाई नै संघ भनिन्छ। तिनीहरू बुद्धका अनुयायी मानिन्छन्। जसले अरहत्पदको लागि ठूलठूला सत्कर्महरू गरेका छन्। बुद्ध शासनका रक्षक भएको हुनाले र बुद्धको शिक्षालाई २५०० वर्षदेखि संसार भर फैलाउने काम गर्दै आएको हुनाले हामीले भिक्षु संघप्रति आदर भाव प्रकट गर्दछौं। भिक्षु संघबाट प्रदर्शित सेवाभावले मानिसलाई आदर्श र ठीक जीवन जिउन प्रेरित गर्दछ । उहाँहरू बुद्धको शिक्षा हामीसम्म पुऱ्याउने जीवित माध्यम हुनुहुन्छ ।

बुद्धको समयमा पनि सूत्र पाठ गरी आशिर्वाद दिने चलन थियो । पछि श्रीलङ्का, थाइलायण्ड र बर्मा जस्ता बौद्ध मुलुकहरूमा रातभर अथवा केही दिनसम्मपनि सूत्र पाठगर्ने चलन बस्यो । श्रद्धालुहरू ठूलो श्रद्धाका साथ अत्यन्तै ध्यान पूर्वक सूत्र श्रवण गर्छन् । कुनै रोग प्रकोप, दुर्भिक्ष र प्राकृतिक प्रकोप भएको समयमा मानसिक धैर्यको लागि बुद्ध र उहाँका शिष्यहरूबाट परित्राण पाठ गरिन्थ्यो । एकपटक एक बालकलाई दुष्टात्माहरूले दुःख दिएको बेला बुद्धले आफ्ना भिक्षुहरूलाई बालकको सुरक्षाको लागि परित्राण पाठ गर्न लगाउनु भएको थियो ।

परित्राण पाठ गरी आशिर्वाद दिने बढि प्रभावकारी हुन्छ । अत्यन्तै खराब काम गर्नेहरूलाई मात्र यसको प्रभाव नपर्ने हुन्छ । नत्र भने मामुलीमात्र खराबी गर्नेहरूलाई सूत्र पाठ गर्ने पवित्र व्यक्तिको मैत्री र कुशल कर्मको प्रभावले सूत्र पाठको असर पर्दछ। तर खराबीबाट स्थायी होइन अस्थायी मुक्तिमात्र मिल्दछ ।

धेरै थाकेका वा क्लान्त व्यक्तिले सूत्रपाठको श्रवणबाट शान्ति र राहतको अनुभव गरेका छन्। यस्तो



Downloaded from http://www.dhamma.digital

अनुभव सङ्गीतबाट पाएको शान्तिभन्दा फरक खालको हुन्छ किनकि सङ्गीतले हाम्रो मनमा उत्तेजना पैदा गर्छ र भावनामा बगाउन थाल्छ तर मानसिक श्रद्धा र आत्मविश्वास जगाउँदैन ।

बौद्धहरूले २५०० वर्षअघिदेखि सूत्रपाठका असल प्रभावहरू अनुभव गर्दै आएका छन् । बुद्ध नहुनु भएपनि उहाँबाट आशिर्वादका लागि पाठ गरिएका शब्दहरूको प्रभाव किन र कसरी यस्तो भएको भन्ने कुरामा थाहा पाउने प्रयत्न हुनुपर्छ । बुद्धको शिक्षामा उल्लेख भए अनुसार जबदेखि बुद्ध हुने प्रण गर्नु भयो, तबदेखि उहाँ 'असत्य वचन' बाट सँधै विरत रहनु भयो । विना गाली नै उहाँ अरूको चित्त नदुख्ने गरी बोल्नु हुन्थ्यो । अत्यन्तै मैत्रीपूर्वक बोलिने बुद्धको वाणीमा सत्यको बल नै शक्तिको श्रोतको रूपमा रहन्थ्यो । तथापि आशिर्वाद लाग्न बुद्धको वाणीको शक्ति एक्लैमात्र पर्याप्त हुन्न, यसमा श्रोताको श्रद्धा र समझदारी पनि अत्यावश्यक हुन्छ । बौद्ध सूत्रको अद्‌भूत प्रभावबाट मानिसहरूले बाधा र रोग, मुक्तिको जुन अनुभव प्राप्त गरे, त्यसबाट उनीहरूले आफूलाई आत्मविश्वास र श्रद्धाको विकास गर्न सक्षम भए ।

**के बौद्धहरू मूर्ति पूजक हुन् ?**

**बौद्धहरू मूर्ति पूजक होइनन् बल्कि आदर्शका पुजारी हुन् ।**

यद्यपि बौद्धहरू आफ्नो परम्परानुसार बुद्ध मूर्ति राख्दछन् र बुद्धप्रति श्रद्धा पोख्दछन् । तर उनीहरू मूर्ति पूजक होइनन् । मूर्ति पूजा भनेको वास्तवमा अदृश्य देवी देवताको विभिन्न आकार र प्रकारको मूर्ति बनाएर तिनको पूजा गर्नु हो । भक्तहरू आफ्नो सुरक्षा र मार्गदर्शनको लागि ती देवी देवतासँग प्रार्थना गर्छन् । स्वास्थ्य, धन, सम्पत्ति र अन्य समेत उनीहरू भन्दछन् ।

'बुद्ध पूजा' गर्नु बिल्कुलै अलग कुरा हुन् । संसारमा भएका मानिसहरू मध्ये पवित्र, महान, बुद्धिमान, हितैषी र मैत्रीवान भएकोले नै बौद्धहरू बुद्धलाई पूजा गर्छन्, आदर गर्छन् । बुद्ध यस संसारमा जन्मने कुरा इतिहासले बताउँछ । बुद्धको पूजा गर्नु भनेको उहाँप्रति, उहाँको शिक्षाप्रति आदर प्रकट गर्नु सम्मान गर्नु र श्रद्धा प्रकट गर्नु हो नकि पत्थर वा धातुको मूर्तिलाई पूजा गर्नु हो ।

आफ्ना उच्च गुणहरूबाट प्रेरणा दिनु हुने बुद्धको मूर्ति एक दृश्य साधन हो । जसले सभ्य समाजका पुस्तौं-पुस्तालाई उहाँको सम्झना गर्नमा मद्दत गर्छ । बौद्धहरू मानसिक शान्ति (आर्जन) मा एकाग्र हुन र बुद्धको प्रतिकको रूपमा मूर्तिलाई प्रयोग गर्छन् । उनीहरू बुद्धलाई सम्झंदा विवाद र झगडा एकातिर पन्छाएर शान्ति, स्थिरता, सौम्यता र समतामामात्र ध्यान दिन्छन् । मूर्तिले महामानवको सम्झना गराउँछ र उहाँको निर्देशनमा चल्न प्रेरणा दिन्छ ।

*क्रमशः*

# बुद्ध जयन्तीको उपदेश

✍ **न्हुछेरत्न बुद्धाचार्य,** भ.न.पा.-४

प्रत्येक बुद्ध जयन्तीमा उपासकहरू
बोधिसत्वको अगाडि
शान्तिको पथमा उभिएर
तथागतलाई दुःखबाट मुक्ति पाउन पुकार गर्छन् ।

बुद्धको नाममा छाता ओढेर
आफ्नोमात्र भलाई खोज्ने भक्षहरूले
बुद्ध जयन्तीलाई देखावटी प्रदर्शन गरेर
यो पुण्यभूमिमा बुद्धलाई मान्यता नराखेर अशान्त पारे ।

यो ज्ञान भूमिका धरतीपुत्र
विश्व शान्तिका महानायक भगवान बुद्धको उपदेश
मानिस आफ्नै आचरणको कारणले सुख दुःख पाउँछन्
हामीले यो उपदेशलाई पालन गरी असल आचरण कायम गरौं ।

अन्यायी त्यो हो जसले अन्याय सहन्छ यो महान चिन्तन
लाखौं लाख पीडित मानवहरूको एक मुक्तिको सन्देश हो
संघम शरणम् गच्छामिका महावाणी
वर्तमान विश्वका सङ्घ र सङ्गठनमा गुञ्जिरहेको
एक अमूल्य उपदेश हो ।

गौतम बुद्धको पञ्चशीललाई शिरोधार गरेर
ज्ञानीगुणी उपकारी, सदाचारी जनसेवक बनेर
यो अज्ञानताले छोपिएको अँध्यारो आकाशमा
बुद्धले देखाएको ज्ञानको ज्योती प्रज्ज्वलन गरेर उज्यालो पारौं ।



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी पुग्दाको मेरो अनुभूति

✍ जगतवीर सिंह

सुन्दर, शान्त, आनन्द र गौरवको अनुभूति दिने बुद्ध जन्म स्थल लुम्बिनी स्वर्गबाट खसेको एक टुक्रा स्थान जस्तो आभाष हुन थालेको छ । त्यसैले लुम्बिनी उद्यान जाँदा त्यहाँवाट फर्कनै मन नलाग्ने, जति घुमे पनि फेरी फेरी घुम्न मन लाग्न थाल्छ ।

परापूर्वकालमा वन देवताको रूपमा पुजिंदै आएको स्थानलाई चिनिथ्यो र प्रमाणित पनि गरियो । पछि सन् १९६७ मा तत्कालीन संयुक्त राष्ट्र संघका महासचिव उ थान्तको लुम्बिनी भ्रमण पश्चात् लुम्बिनी क्षेत्रलाई अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्ने शुरूवात भएको थियो र सन् १९७८ मा जापानी वास्तुकलाबिद केन्जो टांगेले लुम्बिनीको गुरू योजना तयार पारेको थियो । जस अनुसार यूनेस्कोको विश्व सम्पदा सूचिमा सूचिकृत लुम्बिनी क्षेत्रलाई उद्यान क्षेत्र, बिहार क्षेत्र,र ग्राम क्षेत्र गरी तीन क्षेत्रमा वर्गीकरण गरिएको थियो सो गुरू योजना अनुसार सम्पूर्ण कार्य सन् १९९५ भित्र पूरा हुनुपर्ने योजना थियो । ३७ वर्ष पछि आजसम्म जति पनि लुम्बिनीको विकास कार्य भएको देखियो, त्यो हेर्दा सम्पूर्ण गुरू योजना अनुसार पूरा भएको देख्न अझ कति समय लाग्ने हो भन्ने अत्त्यास लाग्दो अवस्था हुनुमा प्रमुख दोषी सरकार हुनु त छँदैछ। तैपनि यस विषयमा लुम्बिनी विकास कोषको पनि कमी कमजोरी रहेको विषयलाई हामीले नकार्न सक्दैनौं ।

विश्वकै तीर्थस्थल लुम्बिनी उद्यान क्षेत्र घुम्ने सिलसिलामा गौतम बुद्ध जन्मेको स्थान महामायादेवी मन्दिर,पुरातात्त्विक अशोक स्तम्भ, मायादेवी पोखरी, पिपलवोट हुँदै फरक फरक स्थान र दिशामा फैलिएर वनेको विभिन्न देशको आ-आफ्नो राष्ट्रिय वास्तुकला, शैली, तथा पहिचान झल्काउने कलात्मक दर्जनौं विहार, गुम्बाहरू हेर्दा मन प्रसन्न हुन्छ । यी सवै हेर्दा कुन देशको राम्रो र कुन देशको नराम्रो भन्न गाह्रो हुन्छ, हेरेको हेरै हुन्छ । यसरी घुम्दै फिर्दै हेर्दै जाँदा जब नेपालको नेपाली शैली झल्काउने गरी भिक्षुणी धम्मवतीको अगुवाईमा बनेको गौतमी विहार यस विहारमा प्रव्रजित गुरूमांहरू रहनुहुन्छ र अर्को धर्मोदय सभाबाट निर्माण गरिएको विहारसम्म पुग्छन् । त्यहाँ बिहारको भित्री भागहरू चर्किएको, जताततै माकुराको जाल, देवदेवीको मूर्तिहरूमा र चैत्यहरूको रङ्ग खुइलिएको, तोडफोड भई यत्रतत्र छरिएको जताततै घाँस उम्रेको आदि लथालिङ्ग अवस्था देखे पछि कता कता मन खिन्नहुन पुग्यो ।

हालै गौतमी विहारमा प्रमुख खमेसी गुरूमांको अनुरोधमा हामी एउटा समाज सेवा टोली-मछिन्द्र रो रे स्काउट क्र्यूका जवानहरू गएर यही २०७१ साल चैत्र १९ गतेदेखि २३ गतेसम्म सफाईका कार्यक्रम सहित रङ्ग रोगन गरी आएका थियौं । सफाई, मर्मत कार्य आदि भनेको एउटा टोलीले दुईचार दिन गर्दैमा समाधान हुन सक्दैन, त्यसको लागि स्थानिय व्यक्ति, विहार भित्रका होस् या बाहिरकाले, हरेक दिन ध्यान दिनुपर्ने कुरा हो । हामीले देखे अनुसार त्यहाँ रहँदै आउनु भएका पाँच-६ जना प्रव्रजित गुरूमांहरूबाट दैनिक विहान र बेलुका पूजापाठ (नित्यपूजा) बजार जाने भोजन तयार गर्ने बनाउने र कोही पाहुनाले राती बास बस्न अनुरोध गरेको खण्डमा र बिहारमा कोठाहरू खालि भएको खण्डमा त्यसको व्यवस्था गरिदिने गरेको देखिन्छ। अर्को खुशीको कुरा एउटा के छ भने अरू विदेशीका बिहारहरू बिहान ९ बजे देखि बेलुका ५ बजे सम्म मात्र बाहिरी व्यक्तिहरूका लागि खुल्ला राखिन्छ, भने हाम्रो नेपालको गौतमी बिहार विहान ७ वजे देखि बेलुका ७ वजे सम्म खुल्ला हुने हुनाले अलि चाँडो या ढिला विहार दर्शनको लागि आउने भक्तजनहरू निराश भएर फर्कनु पर्ने अवस्था छैन ।

आजको ब्यस्त दुनियाँमा हरेक मान्छे ब्यस्त भए जस्तै अरू बिहार, गुम्बाहरूका भिक्षु, भिक्षुणीहरू पनि ब्यस्त देखिन्छन् र खालि दिमाग गरेर वसेका छैनन् । बुद्धधर्म सम्वन्धि विभिन्न लेख, रचनाहरू लेखेर, धर्मदेशना गरेर, ध्यान शिविरहरू सञ्चालन गरेर प्रचार प्रसार गरिरहेको पाउँछौ । त्यस्तै हाम्रो गौतमी बिहारमा पनि घुम्न आउने यात्री अर्थात दर्शकहरूलाई भिक्षुणी गुरूमांहरूबाट पालैपालो बुद्धधर्म र त्यसको सैद्धान्तिक पक्षहरू बारे छोटो, मीठो धर्म देशना दिने, परिचय दिने,



Downloaded from http://www.dhamma.digital

पम्पलेट बाँड्ने, कुन देशको कुन धर्मको, के उदेश्यका लागि, कति जना आए-गए भन्ने विषयमा आगन्तुक पुस्तिका राख्ने उनीहरूले चाहेको सूचना तथ्यांकहरू, सुझाउहरू आदानप्रदान गर्ने प्रसादको रूपमा परित्राण धागो बाँडि दिने, ध्यान सिकाउने, आदि कार्य गर्नुहुन्छ। यस नियमित कार्यले हाम्रो बिहारको मान मर्यादा, छबि बढ्ने र बिहार दर्शनको लागि आउने पर्यटकहरूमा पनि आत्म सन्तुष्टि मिलेर मनमा राम्रो छाप पर्ने हुन्छ। त्यस बाहेक अरू बिहारमा जस्तै हाम्रो गौतमी विहारमा पनि एउटा यस्तो इमान्दार ब्यक्तिको सख्त जरूरी छ, जसले विहारको हरेक दिन सर-सफाई, वोटविरूवाहरूको हेरचाह बत्तीको व्यवस्था, बिहारको मर्मत सम्भार गर्ने र सुरक्षा प्रदान गर्ने गरोस्। केवल विहार वासी गुरूमांहरूले यी जम्मै कार्यको बोझ लिन सकिने देखिन्दैन। उहाँहरूको शारीरिक क्षमताले पनि भ्याउन गाह्रो हुने देखिन्छ।

अर्को कुरा, हाम्रो देशका जन्मेको गौतम बुद्धको आमाको नाम ठाउँ ठाउँमा उल्लेख भएको पाउँछौं र हरेक बिहार भित्र चित्रको रूपमा होस् अथवा मूर्तिको रूपमा रानी महामाया देवी देखिन्छ, तर बुबा राजा शुद्धो दनको कहीं कतै देख्न पाउँदैन्। के गौतम बुद्ध जन्मनु, हुर्काउनु र शिक्षा दिनुमा बाबु राजाको केही देन, अर्थात योगदान छैन र ? लुम्बिनी भ्रमणमा आउने हरेक पर्यटकहरूको मनमा यो प्रश्नले खुलदुली लाग्ने गर्छ।

नेपालका तर्फबाट लुम्बिनी क्षेत्र भित्र दुई वटा (गौतमी विहार र धर्मोदय चैत्य धर्मोदय सभाको बिहार) तयार भएर सञ्चालनमा आई सकेको छ भने अर्को दुइवटा विहार वज्रयान बिहार र थेरवाद बुद्ध बिहार (थेर वादी भिक्षुहरूका) निर्माण भइरहेको छ। यसरी नेपलाकै चार वटा विहारहरू अलग अलग बनाउनको सत्ता एउटै क्षेत्र (स्थान) भित्र चारवटै बिहारहरू रहेमा अथवा बनाएमा हेर्न, घुम्न आउनेहरूलाई पनि सजिलो हुन्थ्यो र हेरचाह गर्न पनि सजिलो हुन्थ्यो होला। ठाउँ ठाउँमा विभिन्न किसिमका विहारहरू बनाँउदै जाने, तर हेरचाह, रेखदेख नहुने हो भने आम नेपालीहरू बिहारको अवस्था हेरेर खिन्न हुनुपर्ने हुन्छ।

अन्तिममा लुम्विनीको गौतमी बिहार सरसफाई तथा रङ्गरोगन गर्नको लागि सहयोग गर्ने मछिन्द्र ल्कव जनबहाल काठमाडौं, आर्थिक सहयोग गर्ने श्री मीन रत्न बज्राचार्य, कार्यक्षेत्रमा खटेर भोक-प्यास रात-दिन नभनी योगदान दिने मछिन्द्र रोभर रेञ्जरका जवानहरू र सो कार्य गर्नको लागि बस्ने कोठा, खानको लागि भान्छा उपलब्ध गराउनु भई सघाउने र अनुमति दिनु हुने बिहार प्रमुख खमेसी गुरूमां लगायत विहार भित्र रहेका अरू गुरूमांहरूलाई पनि धेरै धेरै साधुवाद। ❖

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| *२०७२ फागुन–चैत्र* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| बैशाख २१ गते, सोमवार, बैशाख पूर्णिमा | वण्णवती | धम्मवती |
| बैशाख २८ गते, सोमवार, अष्टमी | सुवण्णवती | त्यागवती |
| जेठ १ गते, शुक्रवार | अमता | परित्राण पाठ |
| जेठ ४ गते, सोमवार, औंशी | अमता | परित्राण पाठ |
| जेठ १२ गते, मंगलवार, अष्टमी | सुवण्णवती | परित्राण पाठ |
| जेठ १९ गते, मंगलवार, ज्याः पूर्णिमा | शुभवती | धम्मवती |
| जेठ २७ गते, बुधवार, अष्टमी | अमता | मेत्तावती |
| आषाढ १ गते, मंगलवार, औंशी | अमता | केशावती |

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ सारिपुत्र र मौद्गल्यायनको परिनिर्वाण पछि भगवान् बुद्ध स्वयंले उनीहरूको अस्थि धातु राखी चैत्य बनाउन लगाएका थिए।

★ भगवान्‌ले **पूर्णा** नामक दासीले फ्याकेको कपडाबाट चीवर बनाई लगाउनु भएको थियो जुन उहाँले भिक्षु महाकाश्यपको चीवरसँग बदल्नु भयो। यसरी बुद्धसँग चीवर साटेर लाउन पाउने व्यक्ति थियो भिक्षु महाकाश्यप।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-१२

*मूल पालि अनुवादक* - **भिक्षु अमृतानन्द**
*नेपाली अनुवादिका* - **शरणशीला**



*(१६) सपना देखेको दृश्य– बाघलाई बाखीले लखेटीरहेको दृश्य ।*



*अर्थ– कलियुगमा दुष्ट व्यक्तिहरूले असल र निर्दोषी व्यक्तिहरूलाई लखेटी लखेटी दुःख दिइरहेका हुन्छन् ।*

(१६) "भन्ते ! बाघहरू बाखीहरूलाई खान्छन्, तर मेरो सोह्रौं सपनामा मैले बाखीहरूले बाघलाई लखेत्दै भेट्टाएर घाँस चपाए झैं चपाएको देखें । अरू बाखा, भेडाहरू त्यो दृश्यदेखि तर्सिएर बाक्ला झाडीहरूमा लुक्न गए । यो सोह्रौं सपना हो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि भविष्यमा अधर्मी राजाहरूको पालामा मिल्नेछ । त्यस समयमा अकुलीन राजपुरूषहरू ऐश्वर्य शाली हुने छन् । कुलीन मानिसहरू अप्रसिद्ध एवं दरिद्र हुने छन् । राजपुरुषहरू राजालाई कुरा सुनाई विश्वासी बनिराख्ने छन्; न्यायालय आदि स्थानहरूमा पनि आफ्नो शक्ति मजबूत पारिराख्ने छन् । कुलीन मानिसहरूको परम्परा देखि चल्दै आइरहेको खेत, बाली, घर आदि वस्तु "हाम्रो हो" भनी अभि-योग गरी झगडा उठाउने छन् । वस्तुका धनी कुलीनहरू आई,



Downloaded from http://www.dhamma.digital

"यो तिमीहरूको होइन, हाम्रो हो" भनी न्यायालयमा आई वादविवाद गर्ने बेला बेतको लट्ठिले पिट्न लगाई, घाँटी समातेर निकाल्न लगाई "तिमीहरूलाई आ-आफ्नो प्रमाण थाहा छैन र ? जान्ने भएर हामीसित लड्न आउँछौ, अहिले नै राजाकहाँ उजुर गरी हात-खुट्टा भाँच्न लगाउँला !" भनी तर्साउने छन् । यसबाट तर्सी उनीहरू "लिनुहोस्, तपाइँहरूकै हो ।" भनी आफ्ना वस्तुहरू छाडी भयभीत हुँदै घर फर्कने छन् । पापी भिक्षुहरूले पनि शीलवान् भिक्षुहरूलाई मनमा आएजस्तै सताउने छन् । शीलवान् भिक्षुहरूलाई बस्ने ठाउँ कतैपनि हुने छैनन्, उनीहरू जङ्गलमा गई बाक्लो झाडीभित्र पस्नेछन् । यस्तो प्रकारले हीन जातिहरूद्वारा र पापी भिक्षुहरूद्वारा पीडित भई बस्ने कुलपुत्रहरू तथा शिक्षाकर्मी भिक्षुहरू, बाखीको डरले बाघ, भालु इत्यादि भागेजस्तै भाग्नेछन् । यसको कारणले पनि तपाइँलाई केही हानी हुने छैन । यी सबै सपनाहरू भविष्य सम्बन्धी छन् ।

"महाराज ! पुरोहित ब्राह्मणहरूले तपाइँलाई जुन हिंसा गर्नुपर्ने 'यज्ञ गर्नुपर्छ' भने त्यो केवल "धेरै पैसा आउँछ" भन्ने आशाले र आफ्नो जीवनोपायको कारणले मात्र भनेका हुन्; सत्य ज्ञानले विचार गरेर भनेको होइन । न त तपाइँऊपर स्नेह राखीनै भनेका हुन् । यो सपनाको फल सबै अहिले नभै भविष्यमा आउने छ । यज्ञादि हिसा-कर्म गर्नुपर्ने छैन । किनभने-यस सपनाको फल लोक परिवर्तन भएर आउने बखत, अकारणलाई कारण, कारणलाई अकारण, अभूतलाई भूत, भूत (=सत्य) लाई अभूत (=असत्य) भन्ने बखतमा, अलज्जीहरू धेरै भएर आउने बखतमा हुनेछ । न तपाईको समय, न मेरो समय, न त यस वर्तमान मनुष्य युगमा यसको फल आउने छ । त्यसैले महाराज ! जुन तपाइँले सपनाको दोष हटाई पठाउँछु भनी यज्ञ कर्मको तयारी गर्न लगाउनुभयो, त्यस कार्य उल्टो भएको छ; त्यसको रोक लगाउनुहोस् । कुनै प्राणीको प्राण लिएर अरू कसैको भलो छैन । शान्तिको खातिर त्यस कार्य गर्नु कुनै औचित्य छैन । सपनाको कारण तपाइँमाथि कुनै भय उत्पन्न हुने छैन ।"

यसप्रकार बोधिसत्त्वले राजालाई आश्वासन दिई बन्धनमा परेमा प्राणीहरूलाई मुक्त गरी, आकाशमा रही "महाराज ! अबदेखि पुरोहितहरूको कुरा सुनी हिंसा गरी यज्ञपट्टि नलाग्नुहोस्" भनी धर्मोपदेश गरे । राजालाई पञ्चशीलमा प्रतिष्ठित गरी बोधिसत्त्व आकाश मार्गबाटै आफ्नो स्थानमा फर्के ।

राजाले पनि पञ्चशीलको पालना गरी, दानादि पुण्य कार्य गरी, यथाकर्म परलोक गए ।

यसरी समन्त भद्रले कोशल नरेशलाई १६ वटा सपनाहरूको परिणाम कुरा सुनाई, त्यस महास्वप्न सम्बन्धी केही भय लिनु पर्दैन भनी सान्त्वना दिई, मरणभयले त्रसित सबै अशरण प्राणीहरूलाई अभय दान दिई, पूरै देशमा शान्तिको हावा चलाउँदै, यज्ञको रोक लगाउँदै, वर्तमान घटनासित अतीतका कुरा जोड्दै त्यस समय राजा भइराख्ने अहिलेका आनन्द हुन्, माणवक सारिपुत्र हुन् तथा तपश्वी भैराख्ने 'मै हूँ' भनी उपदेशमालाको अन्त्य गर्नुभयो । भगवान्को कुराद्वारा सबैलाई आनन्द प्राप्त भयो । ❖


**अनिच्चावत संखारा उप्पादवय धम्मिनो उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



**चमेली शाक्य**

*जन्मः वि.सं. २००४/९/२९ – दिवंगतः वि.सं. २०७२/१/२२*

यस विद्यालयकी पूर्व शिक्षिका **श्री चमेली शाक्य** दिवंगत हुनुभएको ४५ दिन भएको पुण्य तिथिमा उहाँको पुण्य स्मृतिमा पुण्यानुमोदन गर्दै सुगति कामना गरेका छौं ।

**श्री यशोधरा बौद्ध माध्यमिक**
**विद्यालय परिवार**
थैना, ललितपुर




Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

गतिविधि

## बीर अस्पतालका बिरामीहरूलाई धर्मकीर्ति विहारबाट विस्कुट तथा चीसो पेय पदार्थ वितरण

*२०७२ जेठ २१ गते, सोमबार*

२५५९ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारले बीर अस्पतालका विरामीहरूलाई विस्कुट तथा चीसो पेय पदार्थ वितरण गरी उनीहरूको सीघ्र स्वास्थ्य लाभको कामना गरिएको थियो ।

धर्मकीर्ति विहारका गुरूमांहरू प्रमुख अन्य श्रद्धालु उपासकोपासिकाहरूको सहयोगमा संचालित उक्त कार्यक्रममा बैशाख १२ गतेको महाभूकम्पको मारमा परी घाइते भएका विरामीहरूलाई पनि विस्कुट र चीसो पेय पदार्थ वितरण गरी उनीहरूको सीघ्र स्वास्थ लाभको कामनागरी उक्त प्राकृतिक प्रकोपमा परी ज्यान गुमाउनु परेका व्यक्तिहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन गरिएको थियो ।

यसरी नै विश्वशान्ति विहारबाट पनि भूकम्प पीडित घाइते विरामीहरूलाई पानी चीसो पेय पदार्थ र चाउचाउ आदि खाद्य पदार्थहरू वितरण गरी पुण्य सञ्चय गरिएको थियो ।

## भूकम्प पीडित व्यक्तिहरूका लागि धर्मकीर्ति विहारबाट राहत प्रदान



राहत दान दिनुहुँदै केशावती गुरुमां र अमता गुरुमाँ

२०७२ वैशाख १७,२९ र जेठ १३ । २०७२ वैशाख १२ को महाभूकम्पले नेपालीहरू प्रति ठूलो दुःखको घडी निम्त्याएको छ । यस दुःख अवस्थामा हाम्रा दाजु भाई दिदीबहिनीहरूले केही राहत प्राप्त गर्न सकोस् भन्ने उदेश्यले धम्मवती गुरूमांले निर्देशनमा केशावती गुरूमांको अगुवाईमा धर्मकीर्ति विहारबाट नेपालमा विभिन्न स्थानहरूमा राहत वितरण गरिएको छ ।

राहत वितरण भएको स्थानहरू –

(१) हेलम्वु वडा नं २ । (२) पाँचखाल काभ्रे वडा नं ७ (३) हावा गइडी वडा नं ५, दोलखा ।

धर्मकीर्ति विहारबाट पञ्ञावती गुरुमां, शुभवती गुरुमां र अमता गुरूमांहरू पनि सम्मिलित उक्त कार्यक्रममा राहतको सामाग्रीहरू यसरी छनः–

चामल, चाउचाऊ, नून, तेल, रूमाल, खास्टो, गृहस्थ व्यक्तिहरूको लुगा फाटाहरू, झूल आदि ।

यसरी राहत दान दिने क्रममा विभिन्न देशहरूबाट पनि यसरी सहयोग पुण्य भएको थियो ।

वंगला देशबाट - टीशर्ट, विस्कुट । भारतीय राजदूतावासबाट – चीऊरा, टर्च लाइट, ब्लांकेट आदि। थाईलैण्डबाट चामल ५० बोरा, चाऊचाऊ ५० बाकस



Downloaded from http://www.dhamma.digital

# शान्ति पाठ, प्रदीप पूजा र श्रद्धाञ्जली



*श्रीघः चैत्य परिसरमा प्रदीप पूजा गर्दै धर्मकीर्ति विहारका गुरूमांहरू लगायत उपासकोपासिकाहरू*

*२०७२ जेठ २८ गते, विहीबार*
*स्थान- श्रीघः चैत्य परिसर*

यसदिन धर्मकीर्ति विहार परिवारको आयोजनामा शान्तिपाठ, परित्राण पाठ, प्रदीप प्रज्वलन एवं श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गरिएको छ ।

गत वैशाख १२, १३ र २९ गतेका दिन नेपालमा गएको महाभूकम्प र त्यसपछि गइरहेको विभिन्न पराकम्पनको कारणले दिवंगत हुनुभएका नेपालका दाजुभाई दिदी बहिनीहरूको पुण्य स्मृतिमा सञ्चालित उक्त कार्यक्रममा ५ जना महायानी लामागुरुहरू, ५ जना वज्रयानी गुरूजुहरू र थेरवादी भिक्षु भिक्षुणीहरूको समूहबाट शान्तिपाठ र परित्राण पाठ वाचन गरी पुण्यानुमोदनका साथ श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

धम्मवती गुरूमांको निर्देशन, केशावती गुरूमांको अगुवाई एवं अन्य गुरूमांहरूको सहयोगमा संचालित उक्त कार्यक्रममा, धर्मकीर्ति संरक्षण कोष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहारका उपासकोपासिका लगायत श्रीघः युवा क्लबले पनि सहयोग गरी पुण्य सञ्चय गरेका थिए ।

धर्मकीर्ति ज्ञानमाला समूहले ज्ञानमाला भजन प्रस्तुत गरिसकेपछि धर्मकीर्ति विहार संरक्षण कोषका सचिव श्रीमती प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नुभएको उक्त कार्यक्रमको प्रारम्भमा भिक्षु धर्ममूर्तिले कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई पञ्चशील प्रार्थना गराउनु भएको थियो ।

चमेली गुरूमांको स्वागत मन्तव्य पश्चात् भिक्षु



Downloaded from http://www.dhamma.digital




*महाभूकम्भमा परी घाइटे भएका सबै प्राणीको सिघ्र स्वास्थ्य लाभको कामना एवं दिवंगत भएका सबैको पुण्य स्मृतिमा शान्तिपाठ एवं परित्राण पाठ गर्नुहुँदै धम्मवती गुरूमां सहित धर्ममूर्ति भन्ते एवं लामागुरूहरू*

धर्ममूर्तिले धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा धम्मवती गुरूमांले धन्यवाद ज्ञापन गर्नुहुँदै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मन्तव्यको क्रममा उहाँले भूकम्पमा परी जति पनि धन जनको क्षती र घाइते भई दुःख भोग्न परिरहेको छ । यस घटनालाई हामीले आ-आफ्ना कमी कमजोरी, र दूषित चित्तले नराम्रो कर्म रूपी वीउ रोप्न पुगेको कारणले प्राप्त भएको फलको रूपमा लिन सक्छौं । त्यसैले यस भूकम्पबाट हामीले आफ्नो नीजी स्वार्थ पूर्तिको लागि अरूलाई अहित हुने कार्य गर्न नहुने र आ-आफ्नो कर्त्तव्य इमान्दारीताका साथ पालन गर्नु नै धर्म रहेछ भन्ने पाठ सिक्नु परेको छ भन्नुभयो । कार्यक्रमको अन्तिममा दिवंगत व्यक्तिहरूको पुण्य स्मृतिमा पुण्यानुमोदन गरिएको थियो । त्यसपछि धर्मकीर्ति विहारका गुरूमांहरू लगायत उपासको पासिकाहरूले भन्ते, गुरूमांहरू लामाजुहरू र वज्रयानी गुरूजुहरूलाई दान प्रदान गर्नुभएका थिए ।

कार्यक्रम पश्चात श्रीघः चैत्य परिसरमा दीपावली गरिएको थियो । यसको साथै उक्त कार्यक्रममा उपस्थित हुनुभएको सबैलाई धर्मकीर्ति विहारमा जलपान गराइएको थियो ।

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ **महाकाश्यप** - प्रथम संगायनाको प्रधान भिक्षु । पिता : कपिल । पत्नी : भद्रकापिलायनी । बासिन्दा : महातिर्थ गाउँ, मगध । गृहस्थी नाउँ : पिप्फलायन (=पिप्पली माणवक) ।

★ तथागतसँगै एउटै गन्धकुटी *(तथागत बस्ने कुनै पनि कुटीलाई **गन्धकुटी** भनिन्छ)* मा सुत्ने सौभाग्य एकपल्ट भिक्षु **महाकात्यायन**ले जेतवन विहारमा पाएका थिए । भिक्षु हुनु अघि महाकात्यायन अवन्ति (हाल उज्जैन) को राजा चन्द्र प्रद्योतका राजपुरोहित थिए । *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# राहत दान

वैशाख १२ गते शनिवार नेपालमा गएको महाभूकम्पमा परेका नेपाली जनताहरूलाई राहत वितरण गर्ने कार्यका लागि २०७२ वैशाख २१ गते सोमबारको दिनमा भारतीय राजदूतावासबाट धर्मकीर्ति विहारलाई प्राप्त भएको च्यूरा, चिनी, नून, बिस्कुट र टर्च लाइट राखी पोका पारिएको ३००० पोका राहत धर्मकीर्ति विहार संरक्षण कोषकोतर्फबाट वितरण भएको थियो । उक्त कार्यक्रमको विवरण यसरी रहेको छ ।

| क्र.सं. | संस्था राहत प्राप्त गर्ने संस्था | राहत वितरण स्थान | सामग्री | मिति |
|---|---|---|---|---|
| १ | नेपाल मण्डल राहत अभियान | | १००० | बैशाख २१ |
| २ | वीर अस्पताल | काठमाडौं | १०० | बैशाख २१ |
| ३ | अमरापुर विहार | बुंगमति | २०० | बैशाख २२ |
| ४ | जयमंगल विहार | ललितपुर | २५० | बैशाख २२ |
| ५ | चर्तुब्रह्म विहार | मातातीर्थ | २०० | बैशाख २२ |
| ६ | जीतापूर विहार | खोकना | २०० | बैशाख २२ |
| ७ | सिद्धिमंगल बुद्ध विहार | थसि | २०० | बैशाख २२ |
| ८ | सुवर्ण छत्रपुर विहार | लुभु | १०० | बैशाख २२ |
| ९ | नेपालभाषा ख्यः (नृपेन्द मार्फत) | | ६० | बैशाख २२ |
| १० | ज्योति उदय विहार | चापागाउँ | १०० | बैशाख २२ |
| ११ | कन्सर्न नेपालः भीम बहादुर प्रधान, विजय सैंजु | | १५० | बैशाख २२ |
| १२ | धर्मकीर्ति विहार | नजिकको पिडित | ५० | बैशाख २२ |
| १३ | पञ्ञावती गुरूमां मार्फत | पाँचखाल | १५० | बैशाख २३ |
| १४ | धर्मकीर्ति बसुन्धरा विहार | बसुन्धरा | ५० | बैशाख २३ |
| १५ | पद्मकीर्ति विहार | कमल पोखरी | २० | बैशाख २३ |
| १६ | द्वारिका दाई मार्फत | लप्सी फेदी | २०० | बैशाख २३ |
| १७ | केशावती गुरूमां मार्फत | पाँचखाल | १५० | बैशाख २५ |
| १८ | राष्ट्रिय अपांग महासंघ नेपाल | सिन्धुपाल्चोक | २०० | बैशाख २५ |
| १९ | शान्ति एवं मैत्री बुद्धधर्म ध्यान तथा शिक्षण केन्द्र गुम्बा | मणिखेल, ललितपुर | १०० | बैशाख २६ |

## सूचना ! सूचना !! सूचना !!!

**पूज्य धम्मवती गुरूमांको ८२ औं जन्मोत्सवको शुभउपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट साप्ताहिक अभिधर्मपाठ र धर्मदेशना कार्यक्रम सञ्चालन हुँदैछ । सम्पूर्ण श्रद्धालुहरूलाई यस कार्यक्रममा सहभागी बनी पुण्य सञ्चय गर्नुहुन अनुरोध गरिएको छ ।**

***कार्यक्रम सञ्चालन हुने :***

**मिति : २०७२ श्रावण १० देखि १७ सम्म**

**स्थान : धर्मकीर्ति विहार, धम्महल ।**

**समय : विहान ७ बजे देखि ९ बजे सम्म ।**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति सामुदायिक स्वास्थ्य केन्द्रको शिलान्यास सम्पन्न




*शिलान्यास कार्यक्रममा ओवाद दिनुहुँदै धम्मवती गुरुमां*

*प्रस्तुती- मदनरत्न मानन्धर*
*२०७२ अषाढ ८ गते, मंगलवार*

धर्मकीर्ति विहार अर्न्तगत ३५ वर्ष अघि देखि सञ्चालित निःशुल्क स्वास्थ्य सेवाको स्तर उन्नतीको लागि भारत सरकारको आर्थिक सहयोगमा निर्माण हुन लागेको 'धर्मकीर्ति सामुदायिक स्वास्थ्य केन्द्र' भवनको शिलान्यास आज सम्पन्न भयो ।

स्वयम्भू किम्डोल स्थित निर्वाणमूर्ति विहारबाट पश्चिमपट्टी दिवंगत सुमना गुरुमांबाट धर्मकीर्ति विहारलाई प्रदान गर्नुभएको करीब ९ आना जग्गामा निर्माण हुने सो स्वास्थ्य केन्द्रको शिलान्यास विहारका अध्यक्ष धम्मवती गुरुमां र नेपालका लागि भारतका महामहिम राजदूत रणजित रायबाट संयुक्त रुपमा गर्नुभएको थियो । साथै नेपाल भारत सहयोगको स्मृति स्वरुप शिलापत्रको अनावरण पनि उहाँहरूबाट भयो ।

सो अवसरमा धम्मवती गुरुमांबाट केन्द्र निर्माणका लागि राजदूतज्यूको अथक प्रयास, भारत सरकारको सहयोग, नेपालका सम्बन्धित सरकारी निकायहरूको सदासयता, विहार संरक्षण कोषका उपाध्यक्ष श्री द्रव्यमानसिंह (भाइराजा) तुलाधरज्यूको अतुलनीय योगदान एवं सो सहयोग प्राप्त गर्नमा निरन्तर लाग्नुभएका संरक्षण कोषका कार्यकारिणी सदस्य श्री नविन चित्रकार लगायत सम्बन्धित सबैलाई आयुआरोग्य एवं कुसल इच्छा परिपूर्तिका लागि शुभाषिश दिनुभयो । र 'रोगी सेवा गर्नुनै बुद्धको सेवा गर्नु हो' भन्ने बुद्ध वाणी माथि प्रकाश पार्नुहुँदै भिक्षु-भिक्षुणी एवं सर्वसाधारणको स्वास्थ्य उपचारमा प्रयोग हुने यस केन्द्रलाई सबैको सहयोग अपरिहार्य रहने कुरा पनि बताउनु भयो ।

राजदूत महोदयबाट 'धर्मकीर्ति' जस्तो धार्मिक संस्थाले आँटेको स्वास्थ्य सेवामा भारत सरकारले सहयोग गर्न पाउनु अहोभाग्य हो भन्नुहुँदै निर्धारित समयमै केन्द्र निर्माणको कार्य सम्पन्न हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

धन्यवाद ज्ञापनको क्रममा शहरी विकास तथा भवन विभागका डिभिजनल इन्जिनियर श्री बुद्धिसागर थापाज्यूबाट नेपालका लागि भारतीय सहयोगको प्रशंसा गर्नुहुँदै हार्दिक कृतज्ञता प्रकट गर्नुभयो र केन्द्र निर्माणको दौरान आफ्नो तर्फबाट सक्दो सहयोग निरन्तर प्राप्त हुने प्रतिवद्धता पनि प्रकट गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै उपाध्यक्ष श्री तुलाधर ज्यूले धर्मकीर्तिका लागि भारतीय सहयोगको मुक्तकण्ठले प्रशंसा गर्नुहुँदै महामहिम राजदूतज्यूबाट गत २०७१ फागुन ३० गतेको एकदिने गोष्ठीको उद्घाटन क्रममा व्यक्त भएका सारगर्भित भनाईको स्मरण पनि गर्नुभयो ।

स्वागत मन्तव्य पछि धर्मकीर्ति लगायत विहारहरूबाट पाल्नुभएका श्रद्धेय गुरुमांहरूबाट सामुहिक परित्राण पाठ गर्नुभएको थियो । सो कार्यक्रमको सञ्चालन कोषका सचिव श्रीमती प्रफुल्लकमल ताम्राकारबाट भएको थियो र कार्यक्रमको अन्त्यमा खाजा एवं चियापानको आयोजना पनि भएको थियो ।

उक्त अवसरमा काठमाडौं क्षेत्र नं. ८ कि सांसद राज्यलक्ष्मी श्रेष्ठ, भारतीय दूतावासका श्री अभय कुमार र श्री ज्ञानवीर, धर्मकीर्ति स्वास्थ्य क्लिनिकमा सेवा गर्नुहुने चिकित्सकहरू, धर्मकीर्ति विहारको विभिन्न इकाइका सदस्यहरू, उपासकोपासिकाहरू एवं विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

स्मरणिय छ उक्त स्वास्थ्य केन्द्र भवन निर्माण तथा स्वास्थ्य उपकरण खरीद समेतका लागि भारत सरकारबाट करीब ४ करोड ७३ लाखको आर्थिक सहयोग प्रदान हुने छ ।

कार्यक्रमको सम्पूर्ण व्यवस्था उपाध्यक्ष श्री तुलाधरज्यूबाट भएको थियो ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म:*
*बि.सं. १९८० श्रावण ३२ गते,*
*विहीवार*

*दिवंगत:*
*बि.सं. २०६९ पौष १६ गते,*
*सोमवार*

## दिवंगत पद्ममाया मानन्धर

धर्मकीर्ति पत्रिकाको विशेष सदस्य **पद्ममाया मानन्धर**, नयाँ सडक २०६९ पौष १६ गते, सोमवार ९० वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँको निधन प्रति दुःखी हुनभएका उहाँका सपरिवारले संसारको त्रिलक्षण (अनित्य, दुःख र अनात्म) स्वभावलाई बुझी बुद्ध शिक्षा पालन गर्न सकुन् । दिवंगत उपासिकाको सद्गति कामना गर्दै मैत्रीपूर्वक पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**
**धर्मकीर्ति विहार**
**श्रीघः नःघः, काठमाडौं, नेपाल**

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म:*
*बि.सं. १९८५ आश्विन*
*१८ गते*

*दिवंगत:*
*बि.सं. २०७१ फाल्गुण*
*२७ गते*

## दिवंगत रत्नदेवी स्थापित

अनन्त गुण सम्पन्न हाम्री सम्धिनी **रत्नदेवी स्थापित** वि.सं. २०७१ फागुण २७ का दिन दिवंगत हुनुभयो । यस दुःखद् घडीमा उहाँका सपरिवारले संसारको अनित्य दुःख र अनात्म जस्तो प्राकृतिक नियमलाई बुझी धैर्य धारण गर्न सकुन् र दिवंगत रत्नदेबीलाई निर्वाणको हेतु यथाशिघ्र प्राप्त होस् भनी कामना गर्दछौं ।

**तारादेवी तुलाधर, श्रीघः परिवार**



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

## बुद्ध विहार पनौतिमा शान्ति कामना गरी बुद्ध जयन्ती सम्पन्न

काभ्रेपलाञ्चोक यस वर्षको २५५९ औं बुद्ध जयन्तीलाई शान्ति कामनाको रूपमा पनौतीका विभिन्न आस पासमा साप्ताहिक बुद्ध पूजा, २०७१ बैशाख १२ गतेको महाभूकम्पमा परी दिवंगत हुनुभएका व्यक्तिहरूको पुण्य स्मृतिमा मौन धारण गर्नुका साथै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गरेर मनाइएको समाचार छ।

विहार बाहिर गरिएका साप्ताहिक बुद्ध पूजा कार्यक्रम अन्तर्गत बुद्ध जयन्तीको दिन विहार परिसरबाट रथमा भगवान बुद्धको प्रतिमा राखी भजन कीर्तन र बाजागाजाको साथ ठूलो संख्यामा ४/५ सयको सहभागितामा शान्ति जुलूसले पनौतीको आसपास परिक्रमा गरिएको थियो।

विहारका आवासीय भिक्षु रेवतकीर्तिले शील प्रार्थना गराउनुका साथै धर्म देशना गर्नु भएको थियो। धर्म देशनाको क्रममा विपत्तिमा परेका व्यक्तिहरूको सहयोग गर्नु नै भगवान बुद्धको शिक्षा अनुसरण गर्नु हो भुकम्पबाट आहत भएकाहरूलाई सहानुभूतिको सहयोग रू. १०५०।– सीड मनिको रूपमा राखी अन्य सम्पूर्ण उपासक उपासिकाहरूलाई बुद्ध विहार पनौतीको तर्फबाट गर्न सकिने सहयोग मन, वचन र कर्मले उदारपूर्वक सहयोग गर्न पनि आग्रह गर्नु भएको थियो। यसरी बुद्ध विहार पनौतीले नगद तथा जिन्सी संकलन गरी भुकम्पमा आह्वत भएकाहरूलाई सहयोग गरिने बताइएको छ।

## संघनायक भिक्षु श्रद्धेय अश्वघोष भन्तेको ८९ औं जन्मोत्सव सम्पन्न

वि.सं. २०७२ जेठ २६ गते शनिबार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा संघाराम विहार ढल्कोमा श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविरको ९८ औं जन्मोत्सव कार्यक्रममा सम्पन्न गरिएको छ।

पञ्चशील प्रार्थना पश्चात् प्रारम्भ गरिएको उक्त कार्यक्रमा गोष्ठीका सचिव लोचन तारा तुलाधरले स्वागत गर्नु भएको थियो।

श्रद्धेय भिक्षु आनन्द र रीना तुलाधरले युवा वर्गलाई आजको वातावरणमा बुद्ध शिक्षा अत्यावश्यक भएकोले आधुनिक तरिकाले उनीहरूलाई शिक्षा दिनुपर्ने विचार व्यक्त गर्नु भएको उक्त कार्यक्रममा श्रद्धाचारी गुरूमां, सोमिक श्रेष्ठ, लक्ष्मी सुन्दरी शाक्य, अनिमा तुलाधर, जय श्री हाड्‌ा लगायत श्रीमीला सुवाल आदिले श्रद्धेय भिक्षु अश्वघोषको जीवनी र व्यक्तित्व विषयमा लेख र कविता पढेर र सुनाउनु भएका थिए।

कार्यक्रममा अर्नब मानन्धरले जहाँ छ बुद्धका आँखा शब्द उल्लेखित गीत गाएर सुनाउनु भएको थियो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष इन्दावती गुरूमांले भिक्षु अश्वघोषलाई धर्मोपहार चढाउनु भएको उक्त कार्यक्रममा भिक्षु अश्वघोषले संघाराम विहारमा सर्वप्रथम उहाँको जन्मोत्सव मनाउन पाएकोमा खुशी व्यक्त गर्नुहुँदै उहाँले दिनु भएको प्रवचनको कारणले धेरै भन्दा धेरै मानिसहरूले आ-आफ्नो जीवन असल र सफल बनाउन सकून् भनी आर्शिवाद दिनुभएको थियो।

## लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु निग्रोध

भिक्षु निग्रोध स्थविर लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा नियुक्त हुनुभएको छ। गत पौष महिनामा आचार्य कर्मा स्याङ्बोले राजीनामा दिनु भएपछि खाली भइरहेको उक्त पदमा मन्त्रीपरिषद्‌ले उहाँलाई २ वर्षको लागि नियुक्त गरेको हो।

२५ वर्ष प्रव्रजित जीवन बिताइसक्नु भएका भिक्षु निग्रोध हाल विश्व शान्ति विहारका रहँदै आउनु भएको छ।

## निर्वाण मूर्ति विहारमा महापरित्राण

*२०७२ जेठ १९ – २५ सम्म।*

*स्थान- निर्वाण मूर्ति विहार, स्वयम्भू।*

नेपाल सहित विश्वमा सत्वप्राणीहरूको सुख शान्ति कामना गर्दै श्रद्धेय भिक्षु महासंघले साप्ताहिक महापरित्राण पाठ सम्पन्न गरेको छ।

निर्वाण मूर्ति विहार किम्डोलका उपासको पासिकाहरूको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूहले १९ गते भजन प्रस्तुत गरेको थियो।

यसरी जेठ २५ गते कार्यक्रम समापन भएपछि भिक्षु भिक्षुणीहरू लगायत उपासकोपासिकाहरूलाई जलपान भोजनको व्यवस्था गरि पूण्य सञ्चय गरिएको थियो। यहिदिन कार्यक्रममा आमन्त्रित भिक्षु भिक्षुणीहरूलाई आयोजक परिवार लगायत अन्य उपासकोपासिकाहरूले दान प्रदान गरी पुण्य सञ्चय गरेका थिए।

## भूकम्प पीडितहरूलाई राहत

वैशाख १२ को विनाशकारी महाभूकम्प, वैशाख १३, र २९ को पराक्रम लगायत अन्य कैयन पराकम्पनको



Downloaded from http://www.dhamma.digital

कारणले पीडित नेपालीहरूलाई सहयोग स्वरूप राहत वितरणको लागि अधिकांश भिक्षु भिक्षुणी लगायत बौद्ध संघ संस्थाहरू सक्रिय रहे ।

यस कार्यमा थाइलैण्ड, मलेसिया, ताइवान, चीन, भारत, भियतनाम, बंगलादेश आदि विभिन्न देशहरूबाट नेपालका भिक्षु भिक्षुणीहरूको संयोजनमा राहत वितरण कार्य गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार हरिसिद्धि, बुंगमती, खोकना, धर्मस्थली, साँखु, काभ्रेको बालुवा गाविसको रानीपानी, नगरकोट, सिन्धुपाल्चोकको खत्रीथोक, धार्दिङ्गको छत्रे देउराली, सानकोश, कीर्तिपुर, पाँचखाल, हेलम्वु आदि, विभिन्न स्थानहरूमा राहत वितरण कार्य सम्पन्न गरिएको थियो । राहत सामाग्रीमा चामल, तेल, नून, मसला, चाऊचाऊ, त्रिपाल र औषधी आदि छन् ।

यसरी नै कीर्तिपुरका विभिन्न स्थानहरूमा भूकम्पपीडित व्यक्तिहरूका लागि अस्थाइ घर निर्माणको लागि थाइलैण्डको सहयोगबाट जस्तापाता वितरण गरिएको थियो (दुई विहारहरू वान् ववरनिवेश र वान् फ्रारामकाउको संयुक्त)

## भूकम्प पीडितहरूलाई निःशुल्क स्वास्थ शिविर

मैत्रेय युवा संघ र सिद्धि स्मृति अस्पताल भक्तपुरको संयुक्त आयोजनामा भूकम्प पीडितहरूको लागि निःशुल्क स्वास्थ शिविर र औषधि वितरण कार्यक्रम थथुवहीमा सम्पन्न भयो ।

संघका उपाध्यक्ष तिर्थराज वज्राचार्यको संयोजकत्वमा सिद्धि स्मृति अस्पतालका डा. गणेन्द्र भक्त राय डा. बिजय चिकं बजांर, डा रोजिना सकुपायो, डा. दिप्ति श्रेष्ठ तथा ५ जना नर्सहरूबाट २०० जना व्यक्तिहरूलाई स्वास्थ परिक्षण तथा औषधि वितरण गरी सहयोग गर्नु भएको थियो। मैत्रेय युवा संघका सदस्यहरूले विविध कार्यक्रममा स्वयम सेवक भई सहयोग गर्नु भएको थियो ?

**स्वास्थ शिविरको लागि सहयोग गर्नु हुने महानुभावहरू**

(१) हेम बज्र वज्राचार्य रू. ५८००।–
(२) पद्म सुन्दर शाक्य रू. १०००।–
(३) सत्य लक्ष्मी रजिंत रू. ५००।–
(४) श्री प्रकास वज्राचार्य रू. ५००।–
(५) देव चन्द्र वज्राचार्य रू. ५००।–

## वाल वालिकाहरूको शिक्षा मूलक मनोरञ्जक कार्यक्रम

भूकम्प पीडित वाल वालिकाहरूको डर त्रास हताउनको लागि मैत्रेय युवा संघले चित्रकला–हस्तकला, खेलकुद, गीत परिचीत शिक्षा आनापान ध्यान इत्यादि शिक्षा मूलक तालिम ९ दिन सम्म थथुबहीमा सम्पन्न भयो ।

शिक्षा मूलक मनोरञ्जक कार्यक्रमपछि जेठ १६ गते धन्यवाद कार्यक्रममा उक्त तालिममा भाग लिनु भएका बाल वालिकावाट स्वागत भाषण, स्वागत गीत तथा तालिमबाट आफूलाई चित्रकला कागज बाट फुल, गमला, पंखा, गीत, नृत्य आदि साथीहरू संग मिलेर मनोरञ्जन गर्न पाउँदा ज्यादै खुशी लागेको कुरा भाग लिनु भएको सवै बाल वालिकाहरूले आफ्नो अनुभव ब्यक्त गर्नु भएको थियो। सबै अभिभावकहरूले पनि यस कार्यक्रमबाट छोरा छोरीहरूको डर त्रास कम भएको र यस्तै कार्यक्रम गर्दै जानुपर्ने विचार ब्यक्त गर्नु भएको थियो ।

तालिममा जम्मा ३० जना बाल बालिकाले भाग लिनु भएका थिए । शिक्षिका रश्ना वज्राचार्यको संयोजकत्वमा सुप्रिना वज्राचार्य, उरूसा वज्राचार्य, रोजिना, श्रृजना वज्राचार्य पनि विविध पक्षमा ल्कास लिनु भएको थियो ।

मैत्रेय युवा संघमा उपाध्यक्ष तिर्थराज बज्राचार्य भूकम्प पीडित बाल बालिकाहरूको डर त्रास हटाउनको लागि साथै यस तालिमबाट बाल वालिकाको उदघोषण गर्ने आफ्नो अनुभव व्यक्त गर्न र धेरै कुरा सिकेका र उनीहरूको व्यक्तित्व विकास भएको विचार ब्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा बालिका पलिस्था वज्राचार्य, समितमा न्याइच्याइँ (वज्राचार्य) ले स्वागत मन्तव्य दिनु भएको थियो । कार्यक्रमा सहभागी हुनु भएका महानुभावहरूलाई शुर्दशन वज्राचार्यले धन्यवाद ज्ञापन दिनु भएको थियो ।

## बुद्ध जयन्तीको उपलक्ष्यमा दीपावली

२५५९ औं बुद्ध जयन्तीको उपलक्ष्यमा मैत्रेय युवा संघको आयोजनामा थथुबहीमा दीपावली कार्यक्रम सम्पन्न भयो । सामूहिक पञ्चशील प्रार्थनाबाट शुरू भएको उक्त कार्यक्रममा गत वैशाख १२ गते गएको महाभूकम्पमा परी ज्यान गुमाएका व्यक्तिहरूको चीर शान्तिको कामना गरी एक मिनेट स्वास्थ्य लाभको पनि कामना गरिएको थियो ।

उक्त कार्यक्रममा मैत्रेय युवा संघका उपाध्यक्ष तिर्थराज बज्राचार्य, बौद्ध संघका अध्यक्ष त्रिरत्न शाक्य, नेपाल परम्परागत बुद्ध धर्म संघका सचिव रविकिरण बज्राचार्य, युवा बौद्ध पुचःका अध्यक्ष धर्मरत्न शाक्य, किकम्पा गन्स कल्चरका अध्यक्ष, देवचन्द्र बज्राचार्य, लेखक रत्नसुन्दर शाक्यले बुद्ध शिक्षाको महत्वका विषयमा बोल्नु हुँदै यस दुःखद घडीमा बुद्धका उपदेशको सान्दर्भिकता र आवश्यकता बारे बोल्नुभएको थियो । साथसाथै भूकम्प पीडितहरूको घर निर्माणमा राज्यबाट



Downloaded from http://www.dhamma.digital

चाँडो भन्दा चाँडो कदम चाल्नुपर्ने विषयमा पनि विचार व्यक्त गरिएको थियो । उक्त कार्यक्रममा मैत्रेय युवा संघका अध्यक्ष सत्यलक्ष्मी रंजितले धन्यवाद ज्ञापन गर्नुभएको थिइन् ।

## थाईल्याण्ड र नेपाल भिक्षु संघद्वारा राहत वितरण तथा स्वास्थ्य शिविर

२०७२ वैशाख १२ गते गएको महाभूकम्पबाट पीडित परिवारका लागि थाइल्याण्ड भिक्षु संघ तथा नेपाल भिक्षु महासंघद्वारा संयुक्त रूपमा टोखा, सिन्धुपाल्चोक, चित्लाङ्ग, गोरखा, साँखु, रानीवन आीद विभिन्न ठाउँहरूमा राहत वितरण गर्ने क्रममा भक्तपुरको च्याम्हसिंह (गरूडकुण्ड) मा पनि १५० भूकम्प पीडित परिवारलाई राहत वितरण कार्य सम्पन्न भयो ।

थाई भिक्षुहरू तथा नेपालका भिक्षु धम्मशोभन महास्थविर, भिक्षु सुमेघ महास्थविर तथा निग्रोध भन्तेको समुपस्थितिमा पीडित परिवारलाई चामल चिउरा, नुन, तेल, र कम्बल वितरण गरिएको थियो भने थाई तथा नेपाल डाक्टरहरूबाट निःशुल्क स्वास्थ्य शिविर तथा औषधि वितरण गरिएको थियो जसमा ८० जनाले स्वास्थ्य परिक्षण गराएका थिए ।

मैत्रेय युवा संघले सक्रिय रूपमा स्वयम सेवकको भूमिका निर्वाह गरेको उक्त कार्यक्रममा विश्वशान्ति विहारका भन्ते, गुरूमां सुखी होतु, नेपाल, गरूडकुण्डका टोलबासी तथा एभरेष्ट स्कुलका स्काउट विद्यार्थीहरूले पनि सहयोग गरेका थिए ।

## छैठौं अधिवेशन सम्पन्न गरी १७ सदस्यीय नयाँ कार्य समिति गठन

नगदेश बौद्ध समूह–२०४५ को छैठौं अधिवेशन गर्ने हेतुले जेष्ठ पूर्णिमा, ज्यापुन्हीको दिनमा भब्य बुद्ध पूजा गरियो । श्रद्धेय भिक्षु वर सम्बोधिज्यूले सो सभाको सभापतित्व समूहका का.वा. अध्यक्ष दीपकराज साँपालले गर्नुभयो । स्वागत मन्तब्य समूहका कोषाध्यक्ष रत्नभक्त हाँय्जुले दिनु भएको थियो भने समूहको ३६ पृष्ठ लामो प्रतिवेदन प्रस्तुत गरी महाविनाशकारी, धनजन संहारी महाभूकम्पको प्रभावबारे मार्मिक तवरले समूहका सचिव उपासक कृष्णकुमार प्रजापतिले प्रस्तुत गर्नुभएको थियो । प्रमुख अतिथि श्रद्धेय भिक्षु वरसम्बोधिज्यूले नगदेश बुद्ध विहार र समूहको उन्नति र प्रगति वारे चर्चा गरी धम्म प्रमुदीतता प्रकट गर्नु भयो, भने अन्तमा उद्घाटन समारोहका सभापति का.वा. अध्यक्ष साँपालले उपासक उपासिकाहरूप्रति सधन्यवाद ब्यक्त गरी समूहको उत्थानमा आफू लागी परेको बारे चर्चा गर्नु भई सभा विसर्जन गर्नु भयो । अन्तमा सामूहिक पुण्यानुमोदन गरी दान प्रदान कार्य समेत सम्पन्न भए पश्चात् प्रमुख अतिथि भन्ते, गुरूमां, अष्टशील ग्रहण गरी उपोषथब्रत बस्ने उपासक उपासिकाहरू लगायत उपस्थित उपासक उपासिका सभासदहरू सबैलाई भोजनको ब्यवस्था गरियो । बन्द सत्रको संयोजक विहारका बरिष्ठ उपासक जगत बहादुर हाँय्जुलाई सर्वसम्मतिबाट चयन गराई शुभारम्भ भएको बन्द सत्रबाट आगामी चार वर्षको निम्ति १७ सदस्यीय कार्य समिति लामो विचार मन्थन पछि सर्वसम्मतिबाट चयन गरियो ।

नवगठीत कार्य समितिको अध्यक्ष– दिपकराज साँपाल, उपाध्यक्ष राजकुमार मेजु, कोषाध्यक्ष– रत्न भक्त हाँय्जु सचिव– कृष्ण कुमार प्रजापति सदस्यहरूमा क्रमशः कृष्ण माया बाडे, धनकेशरी, धुँमन, असलमाया प्रजापति, ईश्वरीमाया बाँडे, रत्न केशरी हाँय्जु, बाबुराम दुवाल, जयराम भतां, गणेशहरी प्रजापति, पंच बहादुर कोजु, लक्ष्मी कृष्ण कोजु, मेहरमान नायःजु र दिल कृष्ण प्रजापति आदि एक रिक्त सदस्य पदमा चयन गर्ने गराउने अधिकार नवगठित कार्य समितिलाई बन्द सत्रले दिइएको थियो ।

## भारतीय राजदूतावास र बंगलादेश राजदूतावासबाट भूकम्पपीडित व्यक्तिहरूका लागि राहत सामग्री दान

नेपालका लागि भारतीय राजदूतावासबाट भूकम्भ पीडित व्यक्तिहरूका लागि खाद्य सामाग्रीहरू राहत स्वरूप प्रदान गरिएको थियो । उक्त सामाग्रीहरूमा च्यूरा, टर्च, विस्कुट, चिनी, नून राखिएको थियो ।

यसरी नै बंगलादेशको राजदूताबास बाट राजदूत स्वयंले धर्मकीर्ति विहारमा आउनुभई भूकम्प पीडित व्यक्तिहरूका लागि कम्वलहरू, विस्कुट, दश टीन र त्रिपालहरू १० वटा लुगाफाटाहरू (ज्याकेट टीसर्ट सहितको) २ बाकस प्रदान गर्नु भएका थिए । यी सामाग्रीहरू धर्मकीर्ति विहारले पाँचखाल, हेलम्बु, खुसिबुं, चःमति लगायत अन्य विभिन्न स्थानमा भूकम्प पीडित व्यक्तिहरूका लागि वितरण गरिएको छ ।

## निवार्णमूर्ति विहारद्वारा भूकम्प पीडितलाई राहत वितरण

यहि २०७२ सालमा आएको महाभूकम्पमा पिडित नेपालीहरूलाई तत्काल राहत पुऱ्याउन भारतको बुद्धगया स्थित The light of Buddha Dharma Foundation International बाट निवार्णमूर्ति विहार किम्डोलमा प्रमुख डा. धम्म बिजया गुरूमांको नाममा राहत स्वरूप प्राप्त



Downloaded from http://www.dhamma.digital

चामल, चिउरा, दाल, चिनी, विस्कुट, भूजिया, तेल, नून आदी खाद्य सामाग्रीहरू एवं त्रिपाल, कम्बल, र मेडिटेसन टेन्ट जस्ता राहत सामग्री भूकम्प पीडित गाउँहरूमा वितरण गर्न विहारको तर्फबाट समेत केहि खाद्य सामाग्रीहरू थप गरी करिब १२०० जतिको संख्यामा सानो पाकेट बनाई काठमाण्डौं, ललितपुर, काभ्रे, सिन्धुपालचोक, धादिङ्ग, तपशिलका, नुवाकोटका गाउँहरूमा वितरण गरिएको समाचार छ ।

उपरोक्त राहत सामग्री वितरण / हस्तारन्तरण पूर्व विहार प्रमुख डा. धम्म विजया गुरूमांबाट यस विपतको घडिमा L.B.F. International बुद्ध गयाका श्रद्धालुहरू प्रति साधुवाद ज्ञापन गरि विनासकारी भूकम्प पीडितहरूमा भय त्रास निवारण भई शान्ति कामना र मृतकहरू प्रति पुण्यानुमोदन गरियो ।

**राहत वितरण गरिएका गाउँहरू**

ललितपूर, बुङ्गमति, छम्पी, काठमाडौं, इचंगु, गोलढुंगा, काभ्रे, नमोबुद्ध, पाँचखाल, हेलम्बू, सिन्धुपाल्चोक, सिरानचोर ।

धादिङ्ग :

दोलखा : सेरावेशी

नुवाकोटका विभिन्न गाउँहरू ।

## महापरित्राण सम्पन्न

*२०७२ जेठ ८ शुक्रवार साँझ ५ वजे देखि*

*जेठ ९गते शनिवार ६ बजे*

*स्थान- होटल हारती, क्षेत्रपाटी*

दिवंगत जगत धर तुलाधरको निर्वाण कामनाको साथै सत्व प्राणीको सुख शान्ति कल्याण र भय अन्तराय नहोस् भन्ने कामना राखी श्रद्धेय भिक्षु महासंघको तर्फवाट अहोरात्र महापरित्राण पाठ सम्पन्न गरिएको छ ।

दाता चिनीहेरा तुलाधर सपरिवारको आयोजनामा होटल, हारती क्षेत्रपाटीमा सम्पन्न गरिएको उक्त कार्यक्रम २०७२ जेठ ८ गते शुक्रवार साँझ देखि जेठ ९ गते विहान छ बजे सम्म संचालित भई सो पश्चात् पुण्यानुमोदन गरी उपस्थित सवैलाई जलपान भोजन गराई भिक्षु भिक्षुणीहरूलाई दान प्रदान पनि गरिएको थियो ।

कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरले धर्मदेशना गर्नु भएको थियो भने धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**

*जन्मः*
*बि.सं. १९७५ कार्तिक १५ गते*



*दिवंगतः*
*बि.सं. २०७२ जेष्ठ १ गते*

**दिवंगत हेरालानी स्थापित** (न्ह्योखा बहाः)

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य क्र.सं. १३९ **हेरालानी स्थापित** (न्हयोखा बहाः) ९७ वर्षको उमेरमा दिवंगत हुनुभयो । यस दुःखद घडीमा उहाँका परिवारले अनित्य, दुःख र अनात्म रूपी प्रकृतिको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण पर्न सकुन् । दिवंगत उपासिकाको सदगति कामना गर्दै उहाँको पुण्य स्मृतिमा मैत्रीपूर्वक पुण्यानुमोदन गर्दछौं ।

**धर्मकीर्ति पत्रिका परिवार**

श्रीघः नःघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

## संघनायक भिक्षु अश्वघोष महास्थविरको ८९ औं जन्मोत्सवको उपलक्ष्यमा प्रस्तुत गरिएका कविताहरू

### संघ नायक भिक्षु अश्वघोष

✍ **जय श्री हाडा**
सामाखुसी, काठमाडौं

भिक्षुहरूमा जेष्ठ भिक्षु, ।
संघ नायक हुन वहाँ ॥
उहाँले दिनु भएका असल शिक्षाले ।
हाम्रो जीवनमा पनि जाग्यो चेतना ॥
उनको शिक्षा हामीमा छ यति ।
हामी गर्छौं उहाँलाई आदर अति ॥
म उहाँलाई माया गर्छु ।
जन्म दिनको शुभकामना दिन्छु ॥
म वन्दना गर्छु ।
संघ नायक भिक्षु अश्वघोष लाई ॥

☸

### भ्री भन्ते "अश्वघोष महास्थविर"

✍ **लक्ष्मी सुन्दरी शाक्य**
श्रीघः विहार नःघः यें

उत्तम गुणं युक्तम्ह,
असल शिक्षां परिपूर्णम्ह ।
थःगु अमूल्य समय प्रेसय् वियाः
बुद्ध शिक्षाया सफू -धुकू जायकूम्ह ॥
बुद्ध शिक्षा प्रचार यानाः
बुद्ध धर्मयात म्वाकातःम्ह ॥
गवलें तसलं, गवलें नाइक,
वाखँ कना ध्वाथुइकीम्ह ॥
भ्री संघ नायक जू या,
जन्म-दिंया शुभ-कामना ॥
दुनुगलं निसे वन्दना दु वन्दना
भ्री भन्ते अश्वघोष महास्थविर यात ॥

☸

### त्याकीम्ह छःपिं

✍ **श्रद्धाचारी**

बुद्ध शासनय्,
संघ नायक नां जाःम्ह छःपिं ।
मिसा मिजं भेद्भाव मतसे,
सम्मान शिक्षा विइ सःम्ह छःपिं ।
धर्मकीर्ति अध्ययन गोष्ठी,
जलमल वियाः तः धी याम्ह छःपिं ।
माया ममता उलिहे दुम्ह,
तंजक वोसां जि अश्वघोष धयाविज्याम्ह छःपि ।
चिम्सी मिखां मुसूं न्हिलाः,
सकलयात त्याकाविज्याइम्ह छःपिं ।

☸

### संघ नायक भिक्षु अश्वघोष महास्थविर

✍ **श्रीमिला सुवाल उपासिका**

बहु आयामिक प्रतिभाशाली ब्यक्तित्वं जाःम्ह
श्रद्धेय संघनायक भिक्षु अश्वघोष,
चन्द्रज्योति व लक्ष्मीमायाया कोखंय् शाक्यकुलं
नेपाः मांया धर्ति भ्रण्डै ९० दँ न्ह्योहे पलाः छ्यूम्ह
१६ दँ या नच्चा इलयहे अमृनान्द महास्थविरया
अभिभावकत्वय् प्रव्रज्याजुयाः शीलं जाःम्ह
उपसम्पदा श्रीलंकाय् जुयाः धर्मानुशासक धर्मकीर्ति
अध्ययन गोष्ठी स्वयम्भू ज्ञानमाला खलः व युवा बौद्ध समूह स्वनाब्यूम्ह
अध्ययन श्रीलंकाय् व भारतदेशय् १६ दँ बिकानं
गुरू चन्द्रमणि महास्थविर बर्मि पाखें सदिक्षा प्राप्तम्ह
पुराजीवन हे बुद्ध धर्मे संकल्प समाज सोव बौद्ध जागरण
प्रवचन बहुजन हिताय या शिक्षा गां गामय् चेतना ब्यूम्ह
धर्मकीर्तिया मासिक पत्रिकाया प्रधान सम्पादक नाय
थिथी भाषाय् भ्रण्डै सच्छिगू १०० सफू च्वयाः पिकया क्यंम्ह
वनपाय् ध्यानकुटि निर्माण याना पूर्वे यक्वो हे
धर्मप्रचार नापं मचात मिजंत श्रामणेर शिष्यदय्का नां जाःम्ह अभिवाक जूम्ह
नेपाया कूं कूलामय् जकमखु भारत, श्रीलंका म्यान्मार
थाइलैण्ड, मलेसिया, चीन, मंगोलिया, भूटान, लण्डन रूस
जर्मन, क्यानाडा, अमेरिका तकं या अनुभव दुम्ह
बुहप्रतिभाशाली व्यक्तित्वं जाम्ह थेरवाद बुद्ध धर्मया
अग्रपंक्ति स्यानमारं "अग्गमहासद्धम्म जोतिक धज"
या उपाधि प्राप्तम्ह



Downloaded from http://www.dhamma.digital




# पोखरा ज्ञानमाला संघ धर्म शीला बुद्ध विहार

# सम्मान पत्र

१२ वर्षको कलिलो उमेर देखि ज्ञानमाला भजन गायन तर्फ कतिबद्ध भएर लाग्नु भएका जन जीवनका विभिन्न बिधाका विशिष्ठ ब्यक्तिहरूलाई ज्ञानमाला भजन गाउन प्रेरित गरी ज्ञानमाला भजनको क्षेत्रमा नयाँ नयाँ आयाम थपेर लोकप्रिय बनाउनमा अथक प्रयास गर्नु भएका तथा विभिन्न बौद्ध संघ संस्थाहरूको सम्मानित पदमा रहेर युवा पुस्तालाई आकर्षित गरी बुद्ध धर्मको प्रचार प्रसार गर्ने निरन्तर ७५ वर्षको उमेरमा पनि सक्रिय भएर लागी पर्नु भएका तपाई ललितपुर ओकुबहालका गीतकार तथा संगीतकार श्री किरण शाक्य ज्यू लाई यस क्षेत्रमा तपाईले पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको कदर गर्दै परिवारमा स्थापित सो म स्मृति राष्ट्रिय पुरुस्कार २०७२ धर्मशिला बुद्ध बिहार स्थित ज्ञानमाला संघको स्वर्ण जयन्ती समारोहको यो अवसरमा स-सम्मान प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| **कृष्णमान गुरूजू** | **भिक्षु सागर धम्म** | **विक्रम उदास** |
| आयोजक | प्रमुख अतिथि | अध्यक्ष |



Downloaded from http://www.dhamma.digital

# भुखाय्

बहत्तर सालया आगमने ।
जुल भूकम्प भयानक हे ॥
तितर बितर जुल मनूत ।
उखेलाः थुखेलाः मदेक हे ॥

क्षती जुल धन जन सहित ।
बास जुल पालया भरे ॥
शहर शहरे गामं गामे ।
छेँय दुन उखें थुखें ॥

मनूत सित अकालं गतिं ।
मां, बा, काय्, म्ह्याय् छय्, छुई ॥
थःगु छेँ भता भूंग जुल ।
काय् मखंन छुं वस्तुत थःगु ॥

बाँकी दनिपिं मनूत उखें थुखें ।
थाय् माला जुल ज्यानया मायां ॥
पुचः पुचः मुनाः मुनाः उखे थुखें ।
थाय् मालाः च्वना जुल सकलें ॥

नय् त्वने गती लाःगु ।
काय् थाकुल गनं गनं ॥
समूह समूह मिले जुयाः ।
थुया नल खासि खासि ॥

योसां मयोसां दुगु नयाः ।
जीविका हन जन समूहया बीचे ॥
शनिवारया बाह्र बजे नसें ।
मनूतय् मने त्रास जुल ॥

गन वने गन च्वने सकलें ।
थाःगाः मन्त उखें थुखें ॥
न्हिं न्हिं धैइथें समय समयले ।
ब्वया च्वन भूकम्प लिगि लिगि ॥

धर्म याइपिं कम जुयावल ।
पापीत अपो दया वल ॥
पृथ्वी माताया क्वबुई थाकुल ।
उथल पुथल याना बिल ॥

नब्बे साले मखंपिं मनूतेत ।
बहत्तर साले किजा जुया क्यन ॥
गथे जुल ज्वी अबलेया गति ।
गुलि मनूत सित ज्वी अबले ॥

भयावह जीवन हन ज्वी अबले ।
अबलेयापिं मनूत बीचे ॥
दैबिय प्रकोप जूगु इलय् ।
सुनानं पने मफुत उगुइले ॥

मौकाय् धर्म याना तय्माः
अचानक विपत्ति वैबले भ्फीत ॥
धर्म याना तःसा ग्याय् म्वाः भ्फीपिं ।
सीसां मखुगु गती लाई मखु धकाः ॥

हे मनूत, धर्म याय्गु स्व ।
मोज मज्जाय् जक भुले ज्वी मते ॥
यंकेदुगु छुं मदु स्व मनूत ।
वहे पाप व धर्म बाहेक भ्फीत ॥

होश तयाजु न्हिथं ।
पापय् मन छ्वय् मत्य ॥
कतिलाः पाकः जुयाः ।
लाक्व पाक्व याः ज्वीमते

होश तयाजु पाप व धर्मय् ।
स्मृति तयाजु चानं न्हिनं ।
अस्तु !!!

✍ **माधवी गुरूमां**

*(२०७२ बैशाख १८ गते, चान्हे ३ बजे)*



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*बि.सं. १९९८ माघ प्रतिपदा*

*दिवंगत :*
*बि.सं. २०७२ बैशाख २० गते, चतुर्दशी*

## दिवंगत लक्ष्मीदेवी शाक्य, ताहाचल

अनन्त गुणले सम्पन्न मेरी **भार्या लक्ष्मीदेवी शाक्य** २०७२ वैशाख २० गते का दिन दिवंगत भइन् । उनको गुणानुस्मरण गरी हामीले जति पनि पुण्य कार्य गरेका छौं, उक्त पुण्यको आनुभावले उनीलाई यथासिघ्र निर्वाण सम्पत्ति प्राप्त गर्ने हेतु प्राप्त होस् भनी कामना गर्दछौं ।

यस ढुःखद घडीमा हामीलाई धैर्य धारण गराउन मैत्री भाव व्यक्त गर्नुहुने सम्पूर्ण हितैषी मित्र एवं नाता कुटुम्वहरुलाई साधुवाद व्यक्त गर्दछौं ।

**पति - ज्ञानरत्न शाक्य**

| छोराहरू : | | बुहारीहरू : |
|---|---|---|
| प्रदीपरत्न शाक्य | – | रेणुका शाक्य |
| प्रवेशरत्न शाक्य | – | ज्ञानी शाक्य |
| प्रसन्नरत्न शाक्य | – | रमि |
| प्रतिकरत्न शाक्य | – | शर्मिला |

| छोरीहरू : | | ज्वाईंहरू : |
|---|---|---|
| नीलम शाक्य | – | |
| अनीता शाक्य | – | |
| कविता शाक्य | – | सुशील शाक्य |
| प्रविता शाक्य | – | कपिल शाक्य |
| प्रज्ञालता शाक्य | – | ज्ञान शाक्य |
| स्नेहलता शाक्य | – | मिलन वज्राचार्य |

**तथा समस्त शाक्य परिवार**



Downloaded from http://www.dhamma.digital

चीरं तिट्ठतु सद्धम्मो लोको होतु सुखी सदा

# भिन्तुना !



थेरवाद बुद्धिष्ट एकेडेमीया सचिव **भिक्षु निग्रोध स्थविर लुम्बिनी विकास कोषया उपाध्यक्ष** पदय् नियुक्त जुया बिज्या:गु उपलक्षे वसपोलयात भिंतुना च्वना ।

थुगु गरिमामय पदय् च्वना: वसपोलं थ:गु कार्यकाल अवधि तकया दुने पवित्रगु लुम्बिनी स्थलया उन्नति व प्रगति याना बिज्याय् फय्मा । ज्यायख्यलय् वइगु पंगाल: व वाधा अड्चनयात निर्बिघ्नपूर्वक चीकाछ्वय्फय्मा धयागु आशा यासे बधाई व साधुवाद दय्छानागु जुल ।

## धर्मकीर्ति विहार परिवार

श्रीघ: न:घ: यैं

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY




महाभूकम्पमा परी दिवंगत हुनुभएका सबै प्राणीहरूको पुण्य स्मृतिमा श्रद्धाञ्जलीको रूपमा पुण्यानुमोदन गर्नुहुँदै धम्मवती गुरूमां

वर्ष-३३; अङ्क-२ बु.सं. २५५९, अनला पुन्हि

Downloaded from http://www.dhamma.digital

# शुभकामना !

**पूजा च पूजनेय्यानं एतं मंगल मुत्तमं**



विश्व शान्तिका नायक महामानव भगवान् बुद्धको पवित्र जन्मभूमी लुम्बिनी विकासको लक्ष्य लिएर स्थापित लुम्बिनी विकास कोषको गरिमामय संस्थाका उपाध्यक्ष पदमा श्रद्धेय भिक्षु निग्रोध स्थविर पदासिन हुनु भएको सुखद उपलक्ष्यमा उहाँप्रति हार्दिक एवं मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भन्तेको उपाध्यक्ष कार्यकालमा लुम्बिनीको अझ बढि उन्नति र प्रगति हुनेछ भन्ने आशा गर्दै उहाँलाई वधाई ज्ञापन गर्दछौं ।

**धर्मरत्न शाक्य**

*अध्यक्ष*

**युवा बौद्ध पुचः भक्तपुर YBAB**

**परिवार**

Downloaded from http://www.dhamma.digital